




PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com








❖ वर्ष ३५ ❖ २०७८ असोज ०८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 24 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३७


## पर्यटन विकासका लागि सहकार्य आवश्यक – नगरप्रमुख सरावगी

प्रस, वीरगंज, ७ असोज/

गण्डकी प्रदेशको निमन्त्रणमा प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउत गद्दी नेतृत्वको टोलीमा बुधवारदेखि पोखरा भ्रमणमा रहेका वीरगंज महानगरपालिका प्रमुख विजयकुमार सरावगीले पर्यटन विकासका लागि पोखरा र वीरगंजबीच सहकार्य आवश्यक रहेको बताएका छन्।

गण्डकी प्रदेशद्वारा आयोजित अन्तर्क्रिया कार्यक्रममा बोल्दै नगरप्रमुख सरावगीले पर्यटकीय राजधानी पोखरा र आर्थिक राजधानी वीरगंजको सहकार्यले नेपालमा नमूना आर्थिक विकास गर्न सकिने सम्भावना रहेको बताए । उनले यसका लागि पोखरा र वीरगंजबीच सम्बन्ध पनि नमूना हुनुपर्ने कुरामा जोड दिए ।

उनले भारतीय पर्यटकहरू वीरगंज हुँदै पोखरासम्म पुग्ने भएकाले गन्तव्यको प्रवेशद्वारमा नै पोखराको झल्को पाउने गरी पर्यटकीय आकर्षणहरूको जानकारी गराउने व्यवस्था गरिए भारतीय पर्यटकहरू थप आकर्षित हुने सुझाव दिए।

वीरगंजको विकासमा पोखराको साथ र सहयोग आवश्यक रहेको बताए। उनले




तस्वीरः प्रतीक

वीरगंजको पहिचान भएमात्रै पोखराको पनि पहिचान हुने कुरामा जोड दिए।

नगरप्रमुख सरावगीले प्रवेशद्वारमा नै नकारात्मक सन्देश गयो भने पर्यटकहरू आकर्षित हुन नसक्ने तर्क गर्दै वीरगंज र पोखराप्रतिको नकारात्मक सन्देश फैलिन नदिन पोखरा र वीरगंजबीच सुमधुर सम्बन्ध स्थापित हुनुपर्ने बताए ।

मुख्यमन्त्री गद्दीको नेतृत्वमा नगरप्रमुख सरावगीसहित उद्योगी व्यवसायी र होटल तथा पर्यटन व्यवसायीहरू हिजो पोखरा गएका हुन्।

प्रदेश २ र गण्डकीमा भएका पर्यटकीय गन्तव्य पहिचान र पर्यटन प्रवर्द्धनका लागि भ्रमणको आयोजना गरिएको बताइएको छ ।

## ९५ लाख राजस्व तिरेर छुटयो जगुआर र टेस्ला कार

प्रस, वीरगंज, ७ असोज/

वीरगंज–२५ स्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयको यार्डमा करीब दुई वर्षदेखि थन्किएका तीनवटा विद्युतीय विलासी कारको जाँचपास भएको छ । किशोर गियर प्रालि



तस्वीरः फाइल/प्रतीक

काठमाडौं र वेस्टार ग्यालेक्सी प्रालि काठमाडौंले २०७६ असारभन्दा अगावै आयात गरेका तीनवटा विद्युतीय कार गत भदौको अन्तिम साता जाँचपास भएर काठमाडौं लगिएको सुक्खा बन्दरगाह भन्सार कार्यालयले जनाएको छ।

करीब ९५ लाख रुपैयाँ राजस्व तिरेर ती गाडी छुटाएर लगिएको हो । गत भदौ २३ गते सर्वोच्च अदालतले आर्थिक ऐन २०७६ बमोजिम तीन दिनभित्र गाडीको जाँचपास गर्न निर्देशनसहितको पत्र पठाएपछि भन्सार कार्यालयले गाडीको जाँचपास गरेको हो । किशोर गियरले ल्याएको दुईवटा जगुआर कारको त्यति बेलाको मूल्य १ लाख ४९ हजार ६ सय पाउन्ड स्टर्लिङ थियो भने वेस्टारले ल्याएको एउटा टेस्लाको ७७ हजार ७ सय ५० पाउन्ड स्टर्लिङ थियो ।

आर्थिक ऐन २०७६ बमोजिम १० प्रतिशत भन्सार महसूल र १३ प्रतिशत मूअक मात्र तिरेर गाडीको जाँचपास भएको हो । किशोर गियरले रु ६२ लाख ४४ हजार २ सय ४९ र वेस्टार ग्यालेक्सीले रु ३२ लाख ७२ हजार ३ सय ५६ गरी दुवैले करीब ९५ लाख रुपैयाँ राजस्व बुझाएको भन्सार अधिकृत ज्ञानु भण्डारीले जानकारी गराए ।

सर्वोच्चका न्यायाधीशद्वय तेजबहादुर केसी र डा कुमार चुडालको संयुक्त

(बाँकी अन्तिम पातामा)

## दलित आवास निर्माणाधीन घर नबने आन्दोलन गर्छौं– प्रभु साह

प्रस, गरुडा, ७ असोज/

चार वर्षदेखि दलितहरूको आवासको लागि प्रदेशमा ठूलो परिमाणमा रकम आए पनि दलितहरूको बिचल्ली भएको नेता प्रभु साहले आरोप लगाएका छन् ।

गरीब दलितहरूको पुरानो घर उजाडिएको तर नयाँ घर नबनेको अवस्थामा दलितहरूको बिचल्ली भएको बताउँदै पूर्वमन्त्री साहले दलित आवास कार्यालयले तत्काल निर्माण काम अघि नबढाए ठूलो आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

रौतहटको देवाहीगोनाही नगरपालिकामा निर्माणाधीन मधेस सङ्ग्रहालयमा दलित आवास निर्माण सङ्घर्ष समिति, रौतहटद्वारा आयोजित गरीब–दलितलाई आवास व्यवस्थासहित छुवाछूत र विभेद हटाउन भएको जिल्ला भेला कार्यक्रममा बोल्दै नेता साहले दलित–विपन्न समुदायको घर निर्माण सम्बन्धी समस्या प्रदेश सरकारको कारणले लम्बिएको आरोप लगाए ।

उनले प्रतिघर रु ३ लाख ५० हजार पक्की घर बनाउन मन्त्रालयबाट आएको रकम स्थानीय तहले फ्रिज गराउने गरेको बताए। प्रदेश सरकारमा प्रतिवर्ष करीब १ अर्ब ५० करोड रुपियाँ यस्ता घर बनाउन आउने गरेको नेता साहले बताए। प्रदेश सरकारमा आएको रकम लक्षित समूहले नपाउनु दुःखद भएको उनले बताए। गैरदलितलाई सुरक्षित आवासको




तस्वीरः प्रतीक

लागि प्रतिघर ५० हजार आउने गरेको उनले अवगत गराए। आफू शहरीमन्त्री भएपछि ७५ हजार रुपियाँ बढाएको बताउँदै विगत तीन वर्षदेखि सो रकम आइरहँदा पनि मेयरहरूले दिन आनाकानी गरिरहेको उनको आरोप छ ।

रौतहटमा १८ वटा स्थानीय तहमध्ये दुईवटा नगरपालिकाले मात्र घर बनाउन रकम दिएको बताउँदै अन्य स्थानीय तहको रकम कहाँ गयो थाहा हुन नपाएको बताए।

दलितहरूको आवास तत्काल बनाउन दबाब दिन असोज १२ मा दलित आवास कार्यालय घेराउ गर्ने तथा असोज १५ गते प्रत्येक पालिका घेराउ गर्ने कार्यक्रम राखिएको उनले बताए ।

नेता साहले दलितहरूको आवास निर्माण तत्काल अगाडि नबढाए दशैंपछि दोस्रो चरणको ठूलो आन्दोलन गर्ने घोषणा पनि गरे ।

कार्यक्रममा नेता उपेन्द्र शाहले वर्तमान संविधानले दलित, गरीब, किसानलाई हक अधिकारविहीन बनाएकोले संविधान संशोधन गर्न माग गरे ।

यसैगरी कटहरिया नगरपालिकाका प्रमुख सियाराम कुशवाहा, मौलापुर नगरपालिका प्रमुख रिनाकुमारी साह, यमुनामाई गाउँपालिकाका उपप्रमुख गीतादेवी साह, माधवनारायण नगरपालिकाका उपप्रमुख सिमलकुमारी साह, फतुवा विजयपुर नगरपालिकाका उपप्रमुख कान्ती देवीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## पटेर्वासुगौलीको सातौं गाउँसभा सम्पन्न

## ३७ करोड ८९ लाखको बजेट पारित

प्रमोद यादव, पचगावाँ, ७ असोज/

पटेर्वासुगौली गाउँपालिकाको सातौं गाउँसभा बिहीवार सम्पन्न भएको छ।

गापा सभाकक्षमा आयोजित सातौं




तस्वीरः प्रतीक

गाउँसभाको गापा प्रमुख हरिनारायण चौधरीले उद्घाटन गरेका थिए । उनकै अध्यक्षतामा भएको गाउँसभामा चालू आव ०७८–०७९ को लागि गापा उप्रमुख ममता महतोले रु. ३६ करोड ८९ लाख २६ हजार ९ सय १३ बराबरको बजेट प्रस्तुत गरेकी थिइन्। उनले प्रस्तुत गरेको बजेट सर्वसम्मत पारित भएको छ ।

चालू आवमा पटेर्वासुगौलीले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, खानेपानी, सामाजिक विकास र सार्वजनिक मठ–मन्दिर, धार्मिक एवं ऐतिहासिक संरक्षणलाई गापाले विशेष प्राथमिकता दिएको प्रमुख प्रशासकीय अधिकृत भुजेन्द्रप्रसाद यादवले बताए ।

कार्यक्रममा वडाध्यक्षहरू फरमान मियाँ, विजय गैरे, माधव राउत, राजेश्वर महतो, मोतिलाल साह, कार्यपालिका सदस्य, वडा सदस्य एवं कर्मचारीहरू सहभागी थिए। कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत यादवले स्वागत र शम्भु साहले सहजीकरण गरेका थिए ।

## अपराध नियन्त्रणका लागि कबाडी कामको समयसीमा तोकियो

प्रस, वीरगंज, ७ असोज/

वीरगंजमा कबाडी कामका लागि समयसीमा तोकिएको छ ।

वीरगंजमा कबाडको काम गर्नेहरूसँग



तस्वीरः सौजन्य

ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरमा छलफल गरी विभिन्न थरीका कबाड सामान सङ्कलन गर्न समयसीमा तोकिएको ग्रीनसिटीका अध्यक्ष प्रकाश खेतानले बताए ।

उनले वीरगंजमा कबाड सङ्कलनका लागि खट्ने बालबालिका, महिला, पुरुषबाट चोरीका वारदात भइरहेको पाइएपछि अपराध नियन्त्रणका लागि समयसीमा तोक्नुपरेको बताए ।

ग्रीनसिटीको यो अभियानमा वडा प्रहरी कार्यालय बिर्ता, एसटिएफ आदर्शनगरसमेतले सहकार्य गरेको छ । हिजो साँझ सम्पन्न छलफलमा कबाड सञ्चालकहरूले ठेलामा र पैदल कबाड सङ्कलन गर्नेहरूलाई निर्धारित समयमा मात्र काम गराउने र सोविपरीत काम भए कारबाई गरिने चेतावनी दिइएको थियो ।

कबाडको सामान सङ्कलनका साथै रिक्सा र ढेलाहरू पनि बिहान ५ बजेदेखि बेलुकी ११ बजेसम्म सञ्चालन गर्न पाइने निर्णय भएको अध्यक्ष खेतानले बताए । उनले यो समयमा सो समय बर्खिलाप कसैले काम गरेको पाए, नजीकको प्रहरी वा प्रहरी कन्ट्रोल कक्षको १०० नं मा डायल गरी सूचित गर्न आग्रह गरे । पछिल्लो समयमा कबाडका काम गर्नेहरूका साथै रिक्सा, ठेलाको प्रयोग चोरीको घटनामा देखिएकोले चोरी नियन्त्रणका लागि यो प्रयास गरिएको अध्यक्ष खेतानले प्रस्टयाए । बैठकमा वप्रका बिर्ताका प्रहरी निरीक्षक राजेशराज पुरी, प्रहरी चौकी आदर्शनगरका प्रमुख हीराबहादुर बुढाथोकीलगायतको सहभागिता थियो ।


कोरोनाकालको चाडवाडः
सकेसम्म नगरौं भेटघाट,
भाइरसबाट जोगिएर
मनाऔंला अर्को साल ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विचारसार र सूक्तिहरू

शशश


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# गाह्रो छ, देउवा सरकारलाई


**नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकार गठन भएको तीन महीना पुग्न लाग्दा पनि मन्त्रिपरिषद्ले पूर्णता पाएको छैन। सरकारले पूर्ण आकार ग्रहण गरिसकेपछि उसले गर्ने कामबाट मात्रै सरकारको वास्तविक मूल्याङ्कन गर्न सकिन्छ। पूर्णता पाउन नसक्दा दोष प्रधानमन्त्रीमाथि जाने हो। अहिलेको सरकार पुष्ट नभएको फल जस्तै हो। समयमा नै पुष्ट हुने फलले सही गुण दिन सक्छ। ओली सरकारको विकल्पमा ल्याइएको सरकारले उसको भन्दा अब्बल गुण देखाउन सक्नुपर्ने हो। ओली सरकारको २ वर्ष संवैधानिक निकायका प्रमुखहरूको नियुक्ति विना नै बित्यो। प्रतिनिधिसभाको उपसभामुख चयनमा पनि ओली नेतृत्वको सरकारले गति दिन नसकेको आरोप छ। उसको भन्दा फरक ढङ्गले चल्ने जन अपेक्षा रहेको वर्तमान सरकाको त झन् मन्त्रिपरिषद्ले नै पूर्णता पाउन गाह्रो परेपछि 'यो भन्दा त त्यही ठीक थियो' भन्ने जनधारणा बन्छ। यसलाई चिरेर अगाडि बढ्ने प्रयास प्रधानमन्त्री देउवाले नगरेको होइन, तर उनी चौतर्फी अप्ठ्यारोमा परेका छन्।**

**कोरोना महामारीबाट मुलुकवासीलाई जोगाउनु सरकारको पहिलो प्रथमिकता हो। त्यसको लागि स्वास्थ्य राज्यमन्त्री नियुक्त गर्नैपर्ने बाध्यात्मक अवस्था थियो र नियुक्त गरियो पनि, शपथ ग्रहण नहुँदै चौतर्फी विरोध शुरू भयो। राजनीतिक क्षेत्रभन्दा बाहिरका व्यवसायीलाई मन्त्री बनाएको आरोप लाग्यो। मन्त्रिपरिषद् विस्तारका लागि पटक–पटक गठबन्धन दलमा प्रयास गर्दा पनि अन्यत्रबाट नाम नआएपछि पुनः आफ्नै दलको भागमा परेको मन्त्रलयमध्येबाट परराष्ट्रमन्त्री नियुक्त गरियो। यसपटक झन् आफ्नै दलभित्रबाट विरोध शुरू भएको छ। डा. नारायण खड्का राजनीतिज्ञ र विषय विज्ञ हुन, फेरि पनि दलभित्र अर्को पक्षलाई चित्त बुझेन। दलभित्रैका गुट–उपगुट, समूह–उपसमूहलाई भाग नपुगेको गुनासो छ। हिजो ओली नेतृत्वको सरकार पनि नेकपाभित्र भागबन्डामा चित्त बुझाउन नसकेको अर्थात् कुर्सीकै कारण छिन्नभिन्न भएको हो। आज त्यही कुरा वर्तमान सत्तारूढ दलले दोहोऱ्याउँछ भने 'यिनीहरू पनि उही ड्याङ्गका रहेछन्' भन्ने जनधारणा बन्न सक्छ।**

**निवर्तमान सरकारका अध्यादेशहरू वर्तमान सरकारले खारेज गरिदियो। संवैधानिक निकायका पदाधिकारीहरू नियुक्त गर्ने बेला ओलि सरकारले जारी गरेको संवैधानिक आयोगसम्बन्धी अध्यादेश पनि खारेज भयो। उक्त अध्यादेश खारेज भएपछि सोबमोजिम गरिएका निर्णय र संवैधानिक निकायका पदाधिकारीहरू पनि स्वतः खारेज हुनुपर्ने बहस चलिरहेको छ। सोही सम्बन्धमा प्रधान न्यायाधीशलाई समेत मुछेर सर्वोच्चमा मुद्दा चलिरहेको छ। ठीक त्यसैगरी देउवा नेतृत्वको सरकारले जारी गरेको 'राजनीतिक दल विभाजन' सम्बन्धी अध्यादेश पनि खारेज हुनुपर्ने माग सत्ता गठबन्धन भित्रैबाट उठेको छ। सत्ता गठबन्धन घटक जसपा अध्यक्ष उपेन्द्र यादवले अध्यादेश खारेज भए मात्रै सरकारमा जाने बताएका छन्। जुन अध्यादेशबाट एमाले र जसपा विभाजन भएको थियो, त्यही अध्यादेश संसद्बाट अनुमोदन नभई खारेज गरियो भने विभाजित दलहरूको हैसियत के हुने ? विभाजित नै रहेको मान्यता दिने हो भने हिजो अध्यादेशकै आधारमा ओलीले गरेका नियुक्तिहरू पनि स्वतः वैधानिक ठहर्छ। मान्यता नदिने हो भने माधव नेपालविनाको देउवा सरकारलाई गाह्रो छ।**

# छिमेकीप्रति घट्दो विश्वास

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**दुई ठूला छिमेकी राष्ट्रबीच अवस्थित नेपालले सधैं छिमेकीहरूबाट सहयोग, सद्भाव र समर्थनको अपेक्षा गरेको छ। छिमेकी राष्ट्रहरूको आर्थिक प्रगति हाम्रो निम्ति प्रेरणाको स्रोत हो।**

उत्तरी छिमेकी चीनका निर्माण कम्पनीहरूबारे नेपालमा लामो समयसम्म यस्तो धारणा विकसित भइसकेको थियो कि चिनियाँहरूले गरेको विकास निर्माण काम ठोस, टिकाउ, किफायती र समयसीमाभित्र सम्पन्न हुने गर्दछ। चिनियाँहरू बोलीका पक्का हुन्छन्, तसर्थ यिनको भनाइमा विश्वास गर्न सकिन्छ। तर विगत डेढ दशकमा औंलामा गन्न लायक विकास निर्माणका कामबाहेक चिनियाँ कम्पनीहरूले नेपालमा चलाएका कतिपय साना–ठूला परियोजनाको कार्यसम्पादनमा निकै ढिलासुस्ती लापरवाही र गैरजिम्मेवारी देखिएको छ। थुप्रै चिनियाँ कम्पनीले ठेक्का कम मोलमा कबुल गर्ने र समयमा काम नगर्ने कारण नेपालको विकास निर्माण कार्य निकै बाधित हुँदै आएको छ। कतिपय कम्पनीले त हात हालेको परियोजना बीचमैं छाडेर हिंड्ने गरेका छन्। चिनियाँ निर्माण कम्पनीहरूको सिको गर्दै अब नेपाली निर्माण कम्पनीहरू पनि शुरूमा कम मोलमा टेन्डर लिने, कार्यारम्भ रकम लिएर हिंडिदिने र अपेक्षाकृत कम साधन भएका ठेकदारहरूसित ठेक्का बेच्नेलगायत काम गर्दै आएका छन्। यसले गर्दा दशकौंसम्म विकास निर्माणका काम अधूरो रहेको पाइन्छ। नेपालमा यस्ता दर्जनौं होइन, विकास निर्माण कार्यसँग सम्बन्धित सयौं परियोजना अहिले पनि अधूरो छ। विगत केही वर्ष यताका कतिपय घटनाक्रमले चिनियाँ निर्माण कम्पनीप्रति विश्वास उत्पन्न गराउने काम भएको छ।

खासगरी पश्चिम सेतीमा श्री गर्जेज, बूढी गण्डकी र चमेलियामा गेज्रआ ग्रुप, मेलम्चीमा चाइना रेल्वे फिफ्टी ब्युरो, ढल्केवर सबस्टेशनमा सेन्ट्रल चाइना पावरग्रीडजस्ता अनेकौं परियोजनामा चिनियाँ कम्पनीको ढिलासुस्ती र लापरवाही देखिएको छ। यसमा विवाद, मारपिट तथा नेपाल सरकारले हस्तक्षेप गर्ने अवस्थासमेत उत्पन्न हुन गयो।

चिनियाँहरूले मनले खाएका आयोजना फटाफट अगाडि बढाउँछन्, बाँकीको व्यथा त्यस्तैउस्तै छ। ठेक्का लिएका परियोजना होल्ड गरिराख्ने, छाडेर जाने प्रवृत्ति देखाउने मामिलामा चिनियाँ कम्पनी अग्रपङ्क्तिमा देखिन्छन्। आफूलाई खाँटी राष्ट्रवादी दाबी गर्नेहरू चिनियाँ निर्माण कम्पनीहरूलाई टेन्डर दिलाउन अहोरात्र परिश्रम गरिरहेका हुन्छन् तर चिनियाँ निर्माण कम्पनीहरूको कमीकमजोरी, हेलचेक्र्याइँ तथा लापरवाहीबारे प्रश्न उठाउन सक्दैनन्। कतिपय निर्माण कम्पनीहरूको काम गर्ने शैली, लापरवाही र गैरजिम्मेवारीपनका कारण अब अरू चिनियाँ कम्पनीहरूमाथि विश्वास गरिरहनुपर्ने कारण देखिंदैन। केही चिनियाँ निर्माण कम्पनीहरूको लापरवाहीको नमूना यस प्रकार छ।

सन् २०१३ मा काठमाडौंवासीको तिर्खा मेटाउने अभिप्रायले सन् २००९ मा नेपाल ओलिंएको चिनियाँ निर्माण कम्पनी चाइना रेल्वे फिफ्टी ब्युरोले ठेक्का सम्झौता अनुसार सुरुङ खन्नैसकेन। २७.५ किलोमिटर सुरुङ खन्नुपर्नेमा उसले ४ वर्षमा ६.५ किलोमिटर सुरुङ खन्न सक्यो। ४ अर्ब २८ करोड रुपियाँमा ठेक्का पाएको यो कम्पनी मेलम्ची छाडेर भाग्यो। केही वर्षअघि मेलम्ची खानेपानी परियोजनाको निर्माणस्थलमा नेपाली मजदुर र चिनियाँ इन्जिनीयर कर्मचारी र मजदूरबीच मारपिटसमेत भएको थियो। आखिर चिनियाँ निर्माण कम्पनीले उक्त परियोजना पूरा गर्न नसकेकै कारण काठमाडौंवासीले लामो समयसम्म खानेपानीको अभाव झेल्नुपऱ्यो।

वि.सं २०७२ सालको भुइँचालोले क्षति पुऱ्याएको तातोपानी नाका पुनः निर्माण कार्यमा चिनियाँ सरकारले यति आलटाल गऱ्यो कि नेपाल आजसम्म त्यसको मार खेपिरहेको छ। चीनले स्वतन्त्र तिब्बत आन्दोलनको संवेदनशीलता र सुन तस्करी हुन सक्ने बहानामा तातोपानी नाका खोल्न चाहेको छैन। अहिलेसम्म त्यसको सञ्चालन हुन नसक्नुको कारण कतै अब चीनको निम्ति तातोपानी नाका असान्दर्भिक र औचित्यहीन बन्न पुगेको त होइन, प्रश्न स्वाभाविक बनेको छ।

चीनजस्तो विश्वको अग्रणी आर्थिक महाशक्ति राष्ट्रको निम्ति जाबो तातोपानी नाकाको मरम्मत कुन ठूलो कुरा हो ? अहिलेको आर्थिक युगमा चीनको व्यवहार उसको आफ्नो लाभ र हानिमा निर्भर हुन पुगेको छ।

भुइँचालोपछि पुनर्निर्माणको जिम्मेवारी लिएको चीनले २५ वटा परियोजनामध्ये अहिलेसम्म न दशरथ रङ्गशालाकै पुनर्निर्माण गर्न सकेको छ, न रसुवामा सुख्खा बन्दरगाहको निर्माण नै सम्पन्न भएको छ। ७५० मेगावाटको उत्पादन क्षमताको पश्चिम सेती जलविद्युत् आयोजनालाई देशकै सेतो सुनको संज्ञा दिइएको थियो, तर आयोजनालाई विदेशी कम्पनीहरूले गोटी झै यताउती हानिरहेका छन्। अस्ट्रेलियाको स्नेक कम्पनीले १७ वर्ष ओगटेको त्यस आयोजनालाई २०६८ सालमा सक्दिनँ भनेर जवाफ दियो। सात वर्षसम्म चिनियाँ कम्पनी श्री गर्जेज इन्टरनेशनल कर्पोरेशनले ओगटने काम गऱ्यो। आखिर दुई वर्ष अघि चिनियाँ कम्पनीले पनि सक्दिनँ भन्ने जवाफ दियो। लगानी बोर्डको शर्त अनुसार आर्थिक र प्राविधिकरूपमा काम गर्न नसक्ने श्री गर्जेजको विश्लेषण थियो। अर्थ मन्त्रालयले विनाप्रतिस्पर्धा १७ फागुन २०६८ मा श्री गर्जेजलाई निर्माणको ठेक्का दिएको थियो। त्यतिबेला पनि संविधान सभा (संसद्) को प्राकृतिक स्रोत साधन समितिले प्रश्न उठाएको थियो। चिनियाँ कम्पनीले ठेक्का लिने, समयमा काम नगर्ने, बीचमैं छाडेर हिंड्ने सूचीमा पश्चिम सेती न पहिलो हो, न अन्तिम नै।

चिनियाँ कम्पनीले ठेक्का पाउन मरिहत्ते गर्दैगर्दा नेपाली पक्ष पनि कति लालायित हुन्छ भन्ने उदाहरण बूढी गण्डकी जलविद्युत् परियोजना पनि हो। शुरूमा नेपालीकै लगानीमा परियोजनाको निर्माण गर्ने हल्ला गरियो र पेट्रोलियम पदार्थमा प्रतिलिटर एक रुपियाँ कर लगाइयो। तर ०७४ जेठ १ मा तत्कालीन प्रधानमन्त्रीले आयोजना, विवादास्पद चिनियाँ कम्पनी गेजुआ ग्रुपलाई जिम्मा लगाए। त्यसलगत्तै प्रधानमन्त्री देउवाले ०७४ मा चिनियाँ कम्पनीबाट आयोजना खोसेर नेपालले नै बनाउने निर्णय गरे। ०७४ को निर्वाचनपछि प्रधानमन्त्री बनेका ओलीले पश्चिम सेतीबाट श्री गर्जेज बाहिरिनु र बूढी गण्डकी फेरि गेजुवाले नै पाउनु उस्तैउस्तै समयमा परेको थियो।

जलविद्युत् क्षेत्रमा आएका चिनिया कम्पनीको रेकर्ड पनि गतिलो छैन। चमेलिया जलविद्युत् आयोजना निर्माण गर्न १२ वर्ष लाग्यो, प्रतिमेगावाट २८ करोड लागत पर्ने आयोजना ५५ करोडमा पुग्यो। यसको जिम्मेवार पनि चिनियाँ कम्पनी गेजुआ नै थियो। गेजुवाले ठेक्का पाएको माथिल्लो त्रिशूली तीन ए निर्माण क्रममा भएको चलखेल पनि दुःखद बन्यो। चिनियाँ कम्पनीको नेपालस्थित कमिशन एजेन्टले मिलेमतो गरी ६० मेगावाटको यो आयोजनालाई ९० मेगावाट बनाउन जोडबल गऱ्यो। ढल्केवर सबस्टेशनको घटनालाई यहींनेर जोड्नुपर्ने हुन्छ। नेपाल–भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना अन्तर्गतको यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी सेन्ट्रल चाइना पावर ग्रीड (सिसिपिजी) ले सन् २०१४ को जून १२ मा विश्व बैंकको सहुलियत ऋण थपेर हेटौंडा–ढल्केवर र इनर्वामा सबस्टेशन बनाउने ठेक्का पाएको थियो, तर अपेक्षित काम नभएपछि सन् २०१७ सेप्टेम्बर २२ मा ठेक्का तोडियो। कुलेखानी तेस्रो जलविद्युत् परियोजनाको निर्माण तीन वर्षमा सम्पन्न हुनुपर्ने थियो तर १४ मेगावाट क्षमताको त्यो आयोजना दश वर्षमा पनि निर्माण गर्न सिनो हाइड्रो सफल हुन सकेन। चीनका ठूला निर्माण कम्पनीहरू शुरूमा कम मोलमा ठेक्का कबोल गर्छन्। केही समयपछि शुरू लगानी रकम झिक्छन् र अपेक्षाकृत कमजोर चिनियाँ निर्माण कम्पनीसित ठेक्का बेच्छन्। नयाँ कम्पनी सित स्रोत–साधनको अभाव हुन्छ फलस्वरूप समयमैं परियोजनाको काम सम्पन्न हुन सक्दैन। पछि गएर चीनको दबाबमा परियोजनाको लागत समय र मूल्य बढाउने काम गरिन्छ। यसमा चीन समर्थक नेपालका राजनीतिज्ञ र विज्ञहरूको भूमिका रहने गर्दछ। कथम् कथाचित नेपाल सरकारले चिनियाँ ठेकेदारको शर्त मानेन भने बीचमैं ठेक्का तोडिदिन्छन्। चीनको लगानीमा बनेको परियोजनाहरूमा अधिकांश कामदार उतैबाट ल्याइन्छ, जसले गर्दा नेपाली युवाको रोजगार कटौती हुन्छ। नेपालमा डेढ हजारजति चिनियाँ कामदारले श्रम स्वीकृति पनि प्राप्त गरिसकेका छन्।

दुई ठूला छिमेकी राष्ट्रबीच अवस्थित नेपालले सधैं छिमेकीहरूबाट सहयोग, सद्भाव र समर्थनको अपेक्षा गरेको छ। छिमेकी राष्ट्रहरूको आर्थिक प्रगति हाम्रो निम्ति प्रेरणाको स्रोत हो। तर त्यस्तो व्यवहार नदेखिएको कारण यस्ता निर्माण कम्पनीहरू, जसले समयमैं र शर्त अनुसार काम सम्पादन गर्दैनन्, त्यस्ता देशी–विदेशी निर्माण कम्पनीहरूलाई ठेक्का नदिने माग पनि भइरहेको छ। छिमेकी निर्माण कम्पनीहरूको कार्यप्रति अविश्वास उत्पन्न हुनु दुःखको कुरो हो।

# जसपाको अगुवा कार्यकर्ता भेला



तस्वीरः प्रतीक

प्रस, पचगावाँ, ७ असोज/

पटेर्वासुगौली गाउँपालिका–४ भतौडामा जनता समाजवादी पार्टीको गाउँपालिका एकाइ कमिटीको आयोजनामा अगुवा कार्यकर्ता भेला सम्पन्न भएको छ।

जसपाका स्थानीय नेता रामधनी यादवको सभापतित्वमा भएको भेलाका वक्ताहरूले पार्टीको काममा अब सक्रिय हुन सुझाए।

वक्ताहरू प्रदेशसभा सदस्य मन्जुर अन्सारी, जसपाका के.स. फिरोज मन्सुर, मोहनलाल चौधरी, प्रदेश सदस्य सलाउद्दिन अहमद, शिवकुमार साह, मुस्लिम फोरमका अध्यक्ष नूरहोदा अन्सारी, क्षेत्रीय अध्यक्ष नागेन्द्र यादव, मुख्यमन्त्रीका स्वकीय सचिव दीपक यादवलगायतले पार्टीका उम्मेदवारहरूलाई आगामी निर्वाचनमा जिताउने वातावरण बनाउन आग्रह गरे।

# सत्यतथ्य विश्लेषणको समर्थन

पाठक प्रतिक्रिया

६ गते प्रतीकमा विनोद गुप्ताको लेख 'एमसिसी गाथा' पढें। एमसिसीको अर्थ हुन्छ मिलेनियम चैलेन्ज कोपरेशन। तर म यसलाई 'मैक्सिमम कमिङ करेन्सी' भन्छु। यसभन्दा बढी अनुदान अब नेपालमा आउने छैन। लेखकले जुन गहिरो विश्लेषण गरी यसको समर्थन गरेका छन्, त्यो अन्यत्र मैले पाइनँ।

अन्यत्र यसको समर्थन वा विरोध राजनीतिक खेमाबन्दी अनुसार गरेको देखिन्छ। तर यहाँ लेखकले यसको गहिरो सत्य, तथ्य र अन्यत्रका उदाहरण खोतलेर विना कुनै राजनीतिक गन्ध तर्क प्रस्तुत गरेका छन्। विरोधका स्वर पनि के कस्ता छन् त ? संसद्बाट किन पास गराउने ? शर्तसहितको लफडामा गइयो भने भोलि भारत र चीनले पनि शर्त तेर्साउनेछन्। यस्ता बेकारका कुरा उठाइन्छ। संसद्बाट पास भएको कुरा नै दिगो हुन्छ।

मेरो विचारमा सबै सम्झौता र सहयोग संसद्बाट पास भएर आउनुपर्छ। भारतसँग नेपालले किन स्वीकृति लिने ? नेपालको बिजुली भारतबाहेक अरूले लिन सक्दैन। बङ्गलादेशमा पनि बिजली भारत भएर जान्छ। भोलि भारतले मनाही गरिदियो भने के गर्ने ?

विरोधको एउटा कुरामा मलाई हाँसो उठेर आउँछ। कुनै दिन अमेरिकी सैनिक नेपाल आएर अड्डा जमायो भने के गर्ने ? यो 'खर खरखराय हरिण पराय' जस्तो कुरा हो। अमेरिकालाई नेपाल पस्न कुनै एमसिसीको जरूरत छैन। यदि भोलि कुनै ओसामाले यहाँबाट अमेरिकामा आतङ्की हमला गऱ्यो भने अमेरिका इजाजतविनै पस्छ। अफगानिस्तान र इराकमा के भएको थियो ? असलमा लेखकले भनेजस्तो यहाँका स्वघोषित विकास संस्थाहरू आफू पाखा लाग्ने डरले र चीनले बिआरआईको काउन्टर हुने डरले विभिन्न लबी तयार पारी विरोध गराइरहेका छन्।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## हामी किन गरीब हुन्छौं ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**पानीमा डुब्न लागेको व्यक्ति जोगिन आफैं हरसम्भव प्रयास गर्दछ, त्यसैगरी गरीबीको कुचक्रबाट बाहिर आउन पहिले स्वयं व्यक्तिले नै प्रयास गर्नुपर्छ । यस्तो गर्न सके हामी नेताहरूको हतियार बन्नबाट जोगिन्छौ र गरीबीको कुचक्र तोड्न सक्छौं ।**

के त्यस्ता तत्त्वहरू छन् जसले हामीलाई गरीब बनाइरहेका छन् ? गरीबीबाट मुक्ति पाउन के गर्नुपर्छ ? यी प्रश्नहरू कम्युनिस्ट नेतालाई सोध्ने हो भने उसले भन्नेछ–तिमीलाई सामन्त, शोषक, दलाल पूँजीपतिहरूले गरीब बनाएका हुन् । तिनीहरूलाई समाप्त नपारेसम्म गरीबीबाट मुक्ति पाइँदैन। तिनीहरूविरुद्ध हतियार उठाउनुपर्छ । हतियार उठाएपछि मात्र गरीबीबाट मुक्ति पाइन्छ । कम्युनिस्ट नेताहरूको भनाइबाट प्रेरित भएर एकजनाले तथाकथित शोषक, दलाल पूँजीपति, सामन्त भनिएकाविरुद्ध हतियार उठाउँछ, सङ्घर्ष गर्छ। शोषक, पूँजीपति भनिएका व्यक्तिहरूको हत्या गर्छ। अरूलाई पनि मार्छ र आफू पनि मारिन्छ। मारिएको गरीब मानिसको गरीबीबाट मुक्ति पाउने सपना, सपनामा नै सीमित हुन पुग्छ । सपनाले मूर्त रूप लिन पाउँदैन । त्यो गरीब व्यक्तिको त्यो सपनाको कम्युनिस्ट नेताहरूले उपयोग मात्र गर्छन् ।

कम्युनिस्ट नेताले देश र जनतालाई गरीबीको कुचक्रबाट बाहिर ल्याएको देखिएको छैन । भारतको पश्चिम बङ्गालमा लामो समयसम्म शासन गरेको कम्युनिस्ट सरकार (ज्योति बसु, बुद्धदेव भट्टाचार्य) ले पश्चिम बङ्गालको गरीबी कम गर्न सकेनन्। उल्टो त्यस राज्यमा गरीबी बढेर गयो । कम्युनिस्ट नेता ज्योति बसु २३ वर्ष (सन् १९७७ देखि २०००) पश्चिम बङ्गालको मुख्यमन्त्री भएका थिए भने अर्का कम्युनिस्ट नेता बुद्धदेव भट्टाचार्य ११ वर्ष (सन् २००० देखि २०११) पश्चिम बङ्गालको मुख्यमन्त्री भएका थिए। उनीहरूको शासनकालमा पश्चिम बङ्गालमा गरीबी कम हुन सकेन। कुनै समयमा बिहारबाट रोजगारको लगि पश्चिम बङ्गाल जाने स्थितिमा परिवर्तन आएर पश्चिम बङ्गालबाट रोजगारका लागि व्यक्तिहरू बिहार आउने स्थिति सृजना भयो। बरु कहिले पनि कम्युनिस्ट शासन नभएको भारतीय राज्य गुजरातले निकै आर्थिक प्रगति गऱ्यो। अहिले पनि गुजरात भारतका दश धनी राज्यहरूमध्ये तेस्रो नम्बरमा पर्दछ भने पश्चिम बङ्गाल छैठौं स्थानमा। स्रोत र साधनको हिसाबले पश्चिम बङ्गाल निकै सम्पन्न मानिन्छ । भारतमा अङ्ग्रेजहरूको शासन हुँदा भारतको राजधानी हालको कोलकाता (पश्चिम बङ्गाल) मा थियो ।

चिनियाँ कम्युनिस्ट नेता माओ त्सेतुङको जस्तै शासन व्यवस्था चीनमा रहिरहेको भए अहिले चीन विश्वको दोस्रो आर्थिक महाशक्ति राष्ट्र हुने थिएन । अहिले चीनमा राजनीति कम्युनिस्ट व्यवस्था अनुसार सञ्चालित छ भने अर्थतन्त्र पूँजीवादी व्यवस्था अनुसार सञ्चालित छ। अहिले चीन पूँजीवादको जगमा उभिएको छ, उसको शरीर कम्युनिस्ट भए तापनि। माओ त्सेतुङको समययमा चीन आर्थिकरूपमा ज्यादै कमजोर हुन पुगेको थियो । चीनलाई कम्युनिस्ट शासन व्यवस्थाले धनी बनाएको होइन, पूँजीवादी अर्थ व्यवस्थाले धनी बनाएको हो ।

के त्यस्ता तत्त्व छन् जसले हामीलाई गरीब तुल्याइरहेको छ ? गरीबीबाट मुक्ति पाउन के गर्नुपर्छ ? यी प्रश्नहरू प्रजातन्त्रको दुहाइ दिने नेतालाई सोध्ने हो भने उसले भन्नेछ–अहिलेको यो भ्रष्ट सरकारले तिमीलाई गरीब तुल्याएको हो । यो भ्रष्ट सरकारलाई सत्ताच्युत गर्नुपर्छ अनि मात्र देशमा समृद्धि आउँछ, तिमीले गरीबीबाट मुक्ति पाउने छौ । त्यसकारण तिमी, मलाई चुनावमा विजयी गराऊ, चुनावमा म विजयी भएर शक्ति र सत्तामा पुगेपछि, सरकारमा पुगेपछि, तिमीलाई, तिमीजस्तै गरीब अन्य गरीबहरूलाई गरीब रहन दिनेछैन। उनीहरूलाई आर्थिकरूपमा सम्पन्न तुल्याउने छु । प्रजातन्त्रको दुहाई दिने नेताहरूको त्यो कुरामा विश्वास गरेर गरीबहरूले उसलाई चुनावमा विजयी गराउँछन् । चुनावमा विजयी भएर सत्तामा पुगेको त्यो नेताले गरीबहरूसँग गरेको वाचा बिर्सिन्छ। यता गरीबीबाट छुटकारा पाउने सपना बोकेर नेताहरूलाई चुनावमा विजयी गराउने व्यक्तिको भ्रम पनि टुट्छ । ऊ गरीब नै रहिरहन्छ, धनी हुन पाउँदैन ।

गरीबीबाट मुक्ति पाउने हाम्रो धारणा नै त्रुटिपूर्ण छ। बाटो नै दोषपूर्ण छ। अप्रभावकारी छ । हामीलाई गरीब तुल्याउनमा हाम्रो शिक्षा पद्धति, परम्परा, विश्वास, संस्कृति, सामाजिक व्यवस्था आदिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यी तत्त्वले नै गरीबीको बलियो कुचक्र बनाएको हुन्छ। अनि हामी त्यो गरीबीको कुचक्रभित्र चक्कर काटिरहेका हुन्छौं । गरीबीको त्यो कुचक्रबाट बाहिर आउन सक्तैनौं। जस्तै दक्षिण एशियामा जातीय व्यवस्थाले पनि गरीबीको कुचक्र निर्माण गर्न महत्त्वपूर्ण कार्य गरेको छ। जातीय व्यवस्थाले गर्दा कतिपय व्यक्तिले आफ्नो व्यापारिक कौशल देखाउन पाएका छैनन् भने केही व्यक्तिहरू जातीय व्यवस्थाले गर्दा केही सीमित काम (पेशा) गर्न बाध्य छन् । दाउरी वा दाइजो, सम्पत्ति हस्तान्तरण (पुर्ख्यौली सम्पत्ति पाउने व्यवस्था), खर्चिलो विवाहजस्ता अनेक तत्त्वले पनि हाम्रो गरीबीको कुचक्रलाई झनै बलियो तुल्याउने कार्य गरेको छ ।

गरीबीको कुचक्रबाट बाहिर आउने प्रयास व्यक्ति स्वयंले गर्ने हो। गरीबीबाट मुक्ति पाउन हामी स्वयंले अनेक प्रयास गर्नुपर्छ । आफू गरीब हुनुमा व्यक्तिले सर्वप्रथम आफूलाई दोषी देख्नुपर्छ अनि गरीबीबाट छुटकारा पाउने अनेक प्रयास वा उद्यम गर्नुपर्छ । हामीलाई हाम्रा प्रयत्नहरूले नै गरीबीबाट छुटकारा पाउन सहयोग गर्छ । जसरी अहिले नेपाली केही युवा आफ्नै प्रयासमा, विश्वका अनेक राष्ट्रहरूमा पुगेर, अनेक पेशाहरू गरेर, आयआर्जन गरिरहेको छ, गरीबीको कुचक्रवाट बाहिर आउन प्रयत्नरत छ, त्यसैगरी अन्य युवाले पनि गरीबीबाट छुटकारा पाउने अन्य उपायको खोजी गर्नुपर्दछ। स्वदेशमैं पनि अनेक किसिमका पेशा वा रोजगार गरेर आय आर्जन गर्न सकिन्छ, गरीबी कम पार्न सकिन्छ । गरीबीको कुचक्रबाट बाहिर आउन सकिन्छ ।

गरीबीबाट छुटकारा पाउन स्वयंले सक्रिय प्रयास गर्नुको साटो नेताहरूले केही गर्लान् भन्ने सोचेर नेताहरूको वा खास किसिमको राजनीतिक व्यवस्थाको आस गर्ने हो भने गरीबीबाट छुटकारा पाउने हाम्रो सपना अधूरै रहने छ ।

गरीबीबाट छुटकारा पाउने अनेकानेक उपाय छ। पेशा, व्यवसाय, जागीरजस्ता अनेक कार्य गरेर, आय आर्जन गरेर हामी गरीबीको कुचक्र तोडेर बाहिर आउन सक्छौं ।

गरीबीको कुचक्र तोडेर बाहिर आउने अनेक तरीकामध्ये एउटा सरल तरीका उद्यम गर्नु हो। व्यवसाय स्ञ्चालन गर्नु हो । अन्य व्यक्तिको कार्यालयमा जागीर गर्नु वा सरकारी जागीरको मुख ताक्नु भन्दा आफूले नै कुनै नयाँ व्यवसायको थालनी गर्नु उत्तम हो ।

हामी पेशा वा कार्यलाई इज्जतसँग जोड्ने गर्छौं । कामलाई सानो वा ठूलो भन्छौं। यस्तो सोच्न र भन्नु गलत हो। हाम्रो यस्तो सोचले हामीलाई गरीबीको कुचक्रबाट बाहिर आउन दिइरहेको छैन। एमए वा एमबिए गरेको व्यक्तिले रोजगारका लागि अनेक सरकारी कार्यालयको चक्कर काट्नु र निराशा बटुल्नुको सट्टा सडक छेउमा चिया पसल खोल्नु उत्तम हो ।

अनेक किसिमका व्यावसायिक कार्य गरेर, आयआर्जन गरेर, हामी गरीबीको कुचक्र तोड्न सक्छौं । त्यसकारण कुनै पनि व्यक्तिले गरीबीको कुचक्रबाट बाहिर आउन सर्वप्रथम स्वयंले प्रयास गर्नुपर्छ। गरीब हुनुमा प्रत्येक व्यक्तिले पहिले आफूलाई नै जिम्मेवार ठान्नुपर्छ। यस्तो गरे मात्र हामी गरीबीबाट मुक्त हुन सक्छौं। होइन, गरीबीका लागि सरकार वा नेताहरूलाई जिम्मेवार ठहऱ्याउने हो भने नेताहरूले हामीलाई उपयोग मात्र गर्नेछन्। हाम्रो गरीबी नेताहरूको लागि चुनाव जित्ने, शक्तिमा पुग्ने पुल मात्र बन्नेछ ।

नयाँनयाँ किसिमका व्यापार सृजना गरेर, नयाँनयाँ पेशा पत्ता लगाएर हामीले थप रोजगार सृजना गर्न सक्छौं । ती नयाँनयाँ किसिमका रोजगारले हामीलाई गरीबीको कुचक्र तोड्न सहयोग पुऱ्याउन सक्छ । विश्व प्रसिद्ध अमेरिकी उद्यमी बिल गेट्स भन्छन्–"जन्म लिंदा यदि तिमी गरीब थियौ भने त्यस्तो हुनुमा तिम्रो कुनै दोष छैन तर यदि तिम्रो मृत्यु हुँदा तिमी गरीब छौ भने त्यस्तो हुनुमा तिमी दोषी छौ (If you are born poor, it is not your mistake, but if you die poor, it is your mistake.) बिल गेट्सको यो भनाइले ठूलो अर्थ दिन्छ । पानीमा डुब्न लागेको व्यक्ति जोगिन आफैं हरसम्भव प्रयास गर्दछ, त्यसैगरी गरीबीको कुचक्रबाट बाहिर आउन पहिले स्वयं व्यक्तिले नै प्रयास गर्नुपर्छ। यस्तो गर्न सके हामी नेताहरूको हतियार बन्नबाट जोगिन्छौ र गरीबीको कुचक्र तोड्न सक्छौं ।

## नेपालका लागि रिनल्ट र निशान कार आउँदै

राधेश्याम पटेल, वीरगंज, ७ असोज/

रेलमार्गमार्फत न्यून मात्रामा हुने कारको आयात आगामी दिनमा बढ्ने देखिएको छ । डेढ महीनाअघि भएको नेपाल–भारतबीचको रेलवे सर्भिस एग्रिमेन्ट अनुसार भारतीय निजी कम्पनीले नेपालको लागि मालसामान ढुवानी गर्ने अनुमति पाएसँगै भारतीय निजी कार्गो रेलले नेपालमा विभिन्न वस्तुको आयातमा चासो देखाएका छन्।

तस्वीरः प्रतीक



भारतमा निर्मित विदेशी ब्रान्डका विलासी कारको ढुवानी गर्न भारतीय व्यवसायीहरूले रेलमार्गलाई विकल्पको रूपमा अघि सार्ने योजना बनाएका छन्। भारतीय लजिस्टिक कम्पनी जोशी कोनकोइके ट्रान्सपोर्ट एन्ड इन्फ्रास्ट्रक्चर प्रालि दिल्लीले नेपालमा आयात हुने रिनल्ट र निशान कम्पनीका कार रेलमार्गबाटै ल्याउने तयारी गरेको छ । उक्त कम्पनीले दक्षिण भारतको चेन्नईबाट भारतीय सीमावर्ती बजार रक्सौलनजीकैको रामगढवासम्म निजी कार्गो रेलमार्फत चाँडै नै १२५ वटा ती कम्पनीका कारहरू ल्याउने जानकारी दिएको छ ।

भारतीय सञ्चारमाध्यमका अनुसार चेन्नईको सिङ्गापेरूमल कोइल रेलवे स्टेशनबाट सीधा रामगढवासम्म कार ढुवानी गर्ने विशेष रेलबाट कारको आयात गर्ने लक्ष्य राखेको छ। भारत सरकारको दक्षिण रेलवे डिभिजनले चेन्नईको वालाजाबाद र मेलपाकमपछि सिङ्गापेरूमल कोइल रेलवे स्टेशनलाई तेस्रो अटोमोबाइल हबको लागि विकास गरिरहेको छ। भौतिक पूर्वाधारको काम सकेर केही सातामैं उक्त स्टेशनबाट रिनल्ट र निशान कम्पनीका १२५ वटा कार ल्याउने कन्साइन्मेन्ट पनि बूक भइसकेको बताइएको छ । यो स्टेशन चेन्नईको काचीपुरमनजीकै पर्छ । जुन क्षेत्रमा थुप्रै अटोमोबाइल कम्पनीले विदेशी कार निर्माण गर्छन् । उक्त स्टेशनबाट २५ प्रकारका वस्तुलाई विश्वका ८८ वटा मुलुकमा ढुवानी गर्ने लक्ष्य राखिएको छ।

वीरगंजबाट २२ सय ९० किलोमिटर र रामगढवाबाट २२ सय ४४ किलोमिटर दूरीमा रहेको सिङ्गापेरूमल रेलवे स्टेशनबाट एक खेपमा १२५ वटा कार रामगढवासम्म ल्याउँदा भारु १८ लाख २५ हजार भाडा तोकिएको छ । जुन सडकमार्गबाट कार ढुवानी गर्दा लाग्ने भाडाभन्दा निकै सस्तो हो । रक्सौलको रामगढवासम्म रेलबाट कार आइसकेपछि सडकमार्गबाट ती कारहरू वीरगंज भन्सारको आइसिपी नाका हुँदै नेपाल भित्रिने भारतीय पत्रिका द हिन्दूले जनाएको छ ।

यसअघि सन् २०२० को जनवरीमा चेन्नईको वालाजाबादबाट सुनौलीको भारतीय सीमावर्ती बजार नौतनवासम्म हुन्डाई कम्पनीका १२५ वटा कार रेलबाट ल्याइएको थियो। त्यति बेला नौतनवादेखि वालाजाबादसम्मको दूरी २१ सय ६० किमी थियो । तर काठमाडौंसम्म कार ल्याउन सो दूरी बढी हुने भएकोले आयातकर्ताहरू वीरगंज नाका छोटो दूरीको पर्ने भएकोले यही नाकाबाट कार आयात गर्न रुचि देखाएका हुन्। हुन्डाईले पोहोर २५ खेप सो नाका भएर कार ल्याउने लक्ष्य राखेको थियो।

सिङ्गापेरूमल रेलवे स्टेशनबाट रेलमार्फत कार वीरगंजको सीमापारिसम्म ल्याउँदा सडकमार्गको तुलनामा करीब ८ दिन बचत हुने र हजारौं टन कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्न सकिने भारतीय व्यवसायीहरूले बताएका छन् ।

## दिगो विकासका लागि वार्षिक २० खर्ब २५ अर्ब चहिने, केही क्षेत्रमा नेपालको लोभलाग्दो प्रगति

–रमेश लम्साल
काठमाडौं, ७ असोज/रासस

दिगो विकास लक्ष्य हासिल गर्न वार्षिक औसत रु २० खर्ब २५ अर्ब बराबर बजेट आवश्यक पर्ने देखिएको छ। चालू आर्थिक वर्षको बजेट रु १६ खर्ब ३२ अर्ब ८३ करोड रहेको छ ।

दिगो विकास लक्ष्यका लागि निर्धारण गरिएको बजेटभन्दा झन्डै रु चार खर्ब बराबरको बजेट कम हुने देखिन्छ । अर्थमन्त्री जनार्दन शर्माले प्रतिस्थापन विधेयकमार्फत पेश गरेको बजेटलाई प्रतिनिधिसभाले पारित गरिसकेको छ ।

कुल विनियोजनमध्ये सङ्घले चालूतर्फ रु छ खर्ब ७७ अर्ब ९९ करोड अर्थात् ४१.५२ प्रतिशत, पूँजीगततर्फ रु तीन खर्ब ७८ करोड अर्थात् २३.१६ प्रतिशत, वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ८९ अर्ब ४४ करोड अर्थात् ११.६० प्रतिशत राखेको छ । प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु तीन खर्ब ८७ अर्ब ३०





करोड अर्थात् २३.७२ प्रतिशत रहेको छ। वित्तीय हस्तान्तरणतर्फ विनियोजित बजेटमध्ये चालू खर्चमा समानीकरण अनुदानसहित रु तीन खर्ब २५ अर्ब ७५ करोड अर्थात् ८४.११ प्रतिशत र पूँजीगततर्फ रु ६१ अर्ब ५५ करोड अर्थात् १५.८९ प्रतिशत रहेको छ ।

राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीका अनुसार वार्षिक औसत रकममध्ये रु ११ खर्ब ११ अर्ब सरकारी क्षेत्रबाट, रु सात खर्ब ३९ अर्ब निजी क्षेत्रबाट, रु ८७ अर्ब सहकारी तथा गैरसरकारी क्षेत्रबाट र रु ८८ अर्ब घरपरिवार क्षेत्रबाट लगानी गर्नुपर्ने देखिन्छ ।

राष्ट्रिय योजना आयोगले नेपालमा दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीतिले दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाललाई चाहिने वित्तीय स्रोतको आकलन र स्रोतका सम्भाव्य क्षेत्र पहिचान गरिसकेको छ ।

त्यसमा सरकारी र निजी क्षेत्रबाट हुने लगानीमा क्रमशः रु दुई खर्ब १८ अर्ब र रु तीन खर्ब ६७ अर्ब गरी वार्षिक औसत रु पाँच खर्ब ८५ अर्ब नपुग्ने देखिन्छ। न्यून वित्तीय स्रोत व्यवस्थापनको लागि आन्तरिकरूपमा प्रगतिशील करको व्यवस्था र करको आधार फराकिलो बनाउने गरी कर प्रशासनमा सुधार गर्नुपर्ने देखिन्छ ।

सचिव भण्डारीका अनुसार निजी तथा अन्य क्षेत्रलाई लगानीमा प्रोत्साहन गर्ने, सार्वजनिक निजी साझेदारी व्यवस्थालाई प्रभावकारी बनाउनुका साथै वैदेशिक विकास सहायता र वैदेशिक लगानी परिचालन गर्नुपर्ने देखिन्छ ।

यस्तै वित्तीय सङ्घीयताको कार्यान्वयन चरणमा सङ्घ, प्रदेश र स्थानीय तहबाट थप स्रोत परिचालनको आधार तयार गरी वित्तीय दायरा बढाउनुपर्ने आवश्यकता छ। दिगो विकास लक्ष्य कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन नीतिगत, कानूनी तथा संस्थागत संरचना तयार गरिएका छन्। त्यसको व्यवस्थित परिचालन नै प्रमुख आवश्यकताको रूपमा रहेको छ ।

विश्वसनीय र सुदृढ तथ्याङ्क प्रणाली विकसित गर्न नयाँ तथ्याङ्क ऐनको मस्यौदा तयार भएको र तथ्याङ्क प्रणालीसम्बन्धी राष्ट्रिय रणनीति तयार भई कार्यान्वयन शुरू भएको छ । राष्ट्रिय जनगणना २०७८ समेत शुरू भएको छ। यसबाट पनि सरकारलाई आवश्यक पर्ने तथ्याङ्क उपलब्ध हुनेछ। सरकारले राष्ट्रिय तथा प्रादेशिक अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन र प्रादेशिक तहका दिगो विकास लक्ष्य सूचकको पहिचान गरी कार्यान्वयनमा ल्याइएको छ ।

दिगो विकास लक्ष्य कार्यान्वयन तथा अनुगमनको लागि प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय केन्द्रीय निर्देशक समिति, राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य कार्यान्वयन तथा समन्वय समिति तथा राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा विषयगत कार्य समिति गठन भएका छन् ।

ती समितिले दिगो विकास लक्ष्यसँग सम्बन्धित योजना, कार्यक्रम, नीति तथा

(बाँकी चौथो पातामा)

# आर्थिक असमानता: ऋणीबीचको विभेद

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**खुला बजार नीतिको नाममा बैंकहरूलाई आफूखुशी गर्न दिने हो भने भोलिका दिनमा पहुँचवालाले सस्तो ब्याजदर मा ऋण पाउने र पहुँच नभएकाहरूले चर्को ब्याज तिर्नुपर्ने अवस्था आउन सक्छ । यो विभेदले बैंक तथा वित्तीय संस्था समस्यामा पर्न सक्छ ।**

अहिलेको युग भनेको स्वतन्त्रताको युग हो । भनिन्छ–आर्थिक स्वतन्त्रता नै राजनीतिक स्वतन्त्रताको आधारस्तम्भ हो । त्यसैले नेपालले पनि आर्थिक विकासका लागि खुला र उदार अर्थनीति अवलम्बन गरेको हो । २०४२ सालपछि शुरू गरिएको वित्तीय उदारीकरण २०४७–०४८ सम्म आइपुग्दा तीव्रगतिमा अगाडि बढेको देखिन्छ । त्यसमा पनि २०६० को दशकसम्म आइपुग्दा वित्तीय संस्थाहरूको स्थापना र विकासको अवस्था हेर्ने हो भने यो अत्यधिक बढेको देखिन्छ। मुलुकभरि झन्डै दुई सय पच्चीसको हाराहारीमा बैंक तथा वित्तीय संस्थाहरू स्थापना भएका छन् । तर ती बैंक तथा वित्तीय संस्थाको सेवा उत्पादनमूलक क्षेत्रभन्दा पनि अनुत्पादकमूलक क्षेत्रतर्फ बढी केन्द्रित भएको पाइन्छ । जसले गर्दा मुलुकको दिगो आर्थिक विकासमा नकारात्मक प्रभाव परेको छ । ती बैंक तथा वित्तीय संस्थाको नियमन, अनुगमन र सुपरिवेक्षण गर्ने निकाय नेपाल राष्ट्र बैंकले पनि यस कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन । फलस्वरूप नेपालको वित्तीय क्षेत्रको जोखिम अहिले उच्च छ ।

विगत केही दशकयता मुलुकमा विनाश्रम आकर्षण ज्याला, थोरै लगानीमा उच्च प्रतिफल खोज्ने, सिर्जनशीलता नवप्रवर्तनभन्दा जोखिमविहीन सहज व्यापारमा रमाउने, स्वदेशमैं मेहनतबाट आर्जन गरिने थोरै कमाइभन्दा विदेश पलायन हुनेजस्ता सामाजिक मान्यताले नेपालको अर्थतन्त्र सङ्कटग्रस्त बन्दै गएको हो । बैंक तथा वित्तीय संस्था र उद्यमी व्यापारीले उत्पादनमूलक क्षेत्रभन्दा पनि अनुत्पादकमूलक क्षेत्रतर्फ बढी केन्द्रित हुँदा मुलुकको अर्थतन्त्र धराशायी बन्दै गएको हो । फलस्वरूप मुलुकभित्र रोजगार सृजना र उत्पादन बढाउने कार्यमा गतिरोध उत्पन्न भएको छ । वार्षिकरूपमा बजेट प्रस्तुत गर्ने, बजेटमा प्रस्तावित कर उठाउने तर विनियोजित विकास बजेट खर्च गर्न नसक्ने र बजेटको रकम सरकारी खातामा थुपार्ने प्रवृत्ति बारम्बार दोहोरिंदा अर्थतन्त्रलाई गतिशील बनाउनुपर्ने जिम्मेवारीमा रहेका सरकारी संयन्त्र अर्थतन्त्र स्थिर बनाउनमा प्रयत्नशील देखिन्छन् ।

राष्ट्रिय अर्थतन्त्रको दशा र दिशा तथा आफ्नो कारोबार स्वयं निरीक्षण गर्दै अघि बढ्नुपर्ने बैंक तथा वित्तीय संस्थाहरू मुनाफा वृद्धिको अन्धदौडमा सहभागी हुँदा अर्थतन्त्रमा तरलता आउनु स्वाभाविकै हो । देशमा सङ्घीयता कार्यान्वयन भएसँगै बैकिङ पहुँच पनि बढ्दै गएको छ। राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्क अनुसार हालको झन्डै तीन करोड जनसङ्ख्यामध्ये करीब ६१ प्रतिशतमा बैकिङ पहुँच छ । कुल जनसङ्ख्यामध्ये करीब दुई करोडको निक्षेप खाता सञ्चालन रहेको सो तथ्याङ्कले देखाएको छ । देशमा २८ वाणिज्य बैंकका करीब ९ हजार शाखा सञ्चालनमा रहेका छन् । औसतमा ३ हजार पाँच सयजनाले एउटा बैंक शाखाबाट सेवा पाइरहेको तथ्याङ्कमा उल्लेख छ। अझै पनि करीब एक करोड जनसङ्ख्या वाणिज्य बैंकको सेवा बाहिर छ । सबै स्थानीय तहमा कम्तीमा पनि एक बैंक शाखा पुर्‍याउने सरकारी नीति अनुरूप २०७६ मा बैंकिङ शाखा र पहुँच दुवै बढेको हो। बैंक तथा वित्तीय संस्थाको शाखा विस्तार हुँदै जाँदा वित्तीय पहुँच गर्ने जनसङ्ख्या पनि बढ्दै गएको पाइन्छ।

सामान्यतया कृषि, उद्यम र व्यपारका लागि बैंकबाट ऋण लिने चलन रहेपनि पछिल्लो दशकमा घरजग्गा र सवारीसाधन खरीद तथा शिक्षासहितको घरायसी आवश्यकता पूरा गर्नका लागि समेत बैंक तथा वित्तीय संस्थावाट ऋण लिने चलन बढ्दो छ । नेपालमा बैकिङ संस्कार भर्खरै उभो लाग्न लागेको बेला बैंक तथा वित्तीय संस्थाले अवलम्बन गरेको अस्वस्थ प्रतिस्पर्धात्मक अभ्यासले अनौपचारिक मौद्रिक गतिविधिले प्रश्रय पाएको हो । नेपालको बैंक तथा वित्तीय संस्थाले एकै खालको ऋणमा पनि ऋणीको वर्गीकरण गरी फरकफरक ब्याजदर लिने प्रवृत्ति फस्टाउँदै गएको छ । केही 'क' वर्गका वाणिज्य बैंक र बढी मात्रामा विकास बैंक तथा फाइनान्स कम्पनीहरूले ऋणीहरूलाई दुई तीन श्रेणीमा वर्गीकरण गरेर धेरै अन्तरको ब्याजदर लिने गरेको तथ्य अगाडि आएको छ। निश्चिय नै बैंक तथा वित्तीय संस्थाहरू नाफामुखी हुन्छन् तर त्यसो भन्दैमा ठूला ऋणी र साना ऋणीबीच विभेद गरी फरकफरक ब्याजदर लिंदा त्यसले साना उद्योगी–व्यवसायी प्रभावित भएका छन् । यसका साथै बैंक तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्वलाई प्रभावकारीरूपमा निर्वाह गर्न सकेका छैनन् । फलस्वरूप यसले समग्र अर्थतन्त्रमा नै नकारात्मक प्रभाव पारेको देखिन्छ ।

अहिले बैंक तथा वित्तीय संस्थाले निक्षेप ब्याजदर बढाइरहेका छन्। यसमा पनि विभेद छ। संस्थागत निक्षेपकर्तालाई बढी र व्यक्तिगत निक्षेपकर्तालाई कम ब्याज दिने गरेका छन्। त्यस्तै पछिल्लो समयमा ग्राहकको ऋणको मात्रा, उसको विगतका ऋण कारोबारको स्तर, विश्वसनीयता, बैंकसँग उसको सम्बन्ध आदिका आधारमा फरकफरक ब्याजदर लिई ऋण प्रवाह गरेको पाइन्छ। खुला बजारमा यस्तो हुनु त्यति अस्वाभाविक मान्न नसिकएला तर त्यसले अर्थतन्त्रमा भने गम्भीर असर पार्छ । नेपाल राष्ट्र बैंकले यसमा ०.५ प्रतिशतसम्म फरक पार्न सक्ने व्यवस्था गरेको छ तर त्यो भन्दा बढी गरेमा त्यो बैंक तथा त्यसका कार्यकारी प्रमुखलाई राष्ट्र बैंकले कारबाही गर्न सक्छ । विगतमा यस्ता कार्यमा संलग्न केही कार्यकारी प्रमुखलाई कारबाही नभएको होइन तर अहिले तरलताको विषम परिस्थिति भएकोले हो वा अन्य कुनै कारणले, यसमा राष्ट्र बैंकले त्यति चासो दिएको पाइँदैन । साना लगानीकर्तासँग व्यवहार गर्दा बैंक तथा वित्तीय संस्थाहरूको लागत बढी पर्छ र त्यसमा खराब कर्जाको जोखिम पनि बढी हुन्छ। अहिले विभिन्न बैंकहरूले ४ प्रतिशतसम्म ब्याज अन्तरमा ऋण दिएका छन् । यो भनेको नेपाल राष्ट्र बैंकको निर्देशनविपरीत हो। खुला बजार नीतिको नाममा बैंकहरूलाई आफूखुशी गर्न दिने हो भने भोलिका दिनमा पहुँचवालाले सस्तो ब्याजदरमा ऋण पाउने र पहुँच नभएकाहरूले चर्को ब्याज तिर्नुपर्ने अवस्था आउन सक्छ। यो विभेदले बैंक तथा वित्तीय संस्था समस्यामा पर्न सक्छ ।

त्यसैले बैंक तथा वित्तीय संस्थाले स्वदेशी साधन र जनशक्तिको उपयोगबाट स्वदेशमैं उत्पादन र रोजगार, आय सिर्जना गर्ने विश्वसनीय परियोजनाहरूमा सहुलियत ब्याजको व्यवस्थासहित लगानी गर्नुपर्दछ । यदि त्यस्ता परियोजना धितोविहीन भए सरकारबाट जमानत प्रदान गर्ने व्यवस्था लागू गर्न सक्नुपर्दछ। यसैगरी पूँजी वृद्धिको चर्को चाप खेपिरहेका केही बैंक तथा वित्तीय संस्थालाई अनुदान वा सहुलियत ऋण दिइने, ती बैंक तथा वित्तीय संस्थाले सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने, उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने, वित्तीय पहुँच एवं समावेशिता विस्तारमा अभिप्रेरित गर्ने तथा जनताको बचतमा सामाजिक न्यायमा आधारित ब्याजदर र उत्पादनशील कर्जामा विवेकसम्मत ब्याजदरमार्फत राष्ट्रिय अर्थतन्त्रलाई चलायमान बनाउन गम्भीर हुनु अहिलेको आवश्यकता हो । यसका लागि नेपाल राष्ट्र बैंकले नियमन, अनुगमन र सुपरिवेक्षण कार्य अझ बढी प्रभावकारी, सशक्त र पारदर्शी बनाउनुपर्दछ ।

## नेप्सेमा सामान्य सुधार, कारोबार रकम बढ्यो

काठमाडौं, ८ असोज/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झिनो




अङ्कले बढेको छ । शेयर कारोबार हुने साताको अन्तिम दिन बिहीवार नेप्से परिसूचक २.७० अङ्कले बढेर दुई हजार ८१९.६५ पुगेको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १.९३ अङ्कले बढेर ५३०.०२ मा उक्लिएको छ । कुल २२८ कम्पनीको एक करोड ५७ लाख १४ हजार २६६ कित्ता शेयर रु सात अर्ब ७२ करोड ६३ लाख ७१ हजार २९ मूल्यमा खरीद–बिक्री भयो । बिहीवारको कारोबारपछि बजार पूँजीकरण रु ३९ खर्ब ४७ अर्ब १५ करोड सात लाख ९० हजारको हाराहारीमा पुगेको छ ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये आज दुई उपसमूहको शेयर उकालो लाग्यो भने ११ उपसमूहको शेयर भने ओरालो लागेको छ । नेप्सेका अनुसार बैंकिङ ४७.३७ र वित्त ८.२ अङ्कले उकालो लागेको छ। केही वाणिज्य बैंकले आव २०७७–७८ को

(बाँकी पाँचौं पातामा)


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
**सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल** मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०


## दिगो विकास....

बजेट कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि मार्गनिर्देशन गर्ने सचिव भण्डारीको भनाइ छ । दिगो विकास लक्ष्यको कार्यान्वयन र अनुगमन प्रभावकारी बनाउने उद्देश्यले गरिने सहजीकरण र नियमनका लागि आवश्यक ऐन कानूनको निर्माण र सुधार गर्ने विषयमा संसद्को भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ। सङ्घीय संसद्को दिगो विकास तथा सुशासन समितिले सो कार्यका लागि क्रियाशील भई मार्गदर्शनसमेत गरिरहेको छ ।

सरकारले दिगो विकास लक्ष्यमा खासगरी १७ वटा प्रमुख लक्ष्य निर्धारण गरेको छ। त्यसको सबैभन्दा प्रमुख एवं शीर्ष लक्ष्यमा सबै ठाउँमा सबै प्रकारका गरीबीको अन्त्य गर्ने रहेको छ । कोरोनाका कारण गरीबीको मात्रामा वृद्धि भएको पाइएको छ ।

अर्थमन्त्री जनार्दन शर्माले कोरोनाका कारण रोजगार गुमाएका कम आय भएका श्रमिकलाई ध्यानमा राखेर रु १० हजार बराबरको नगद अनुदान दिने विषयलाई विनियोजन विधेयकमा नै समावेश गरेका छन् । कोरोना पीडित नागरिकलाई थोरै भए पनि सरकार छ भन्ने अनुभूत गराउन सो व्यवस्था गरिएको अर्थमन्त्रीको भनाइ छ ।

दिगो विकास लक्ष्यको दोस्रो नम्बरमा भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा, पोषणस्तरमा सुधार र दिगो कृषि विकास प्रवर्द्धन गर्ने विषय समेटिएको छ। त्यसका लागि कृषि उत्पादनमा आत्मनिर्भर हुने गरी बजेट विनियोजन र कार्यक्रमहरू अगाडि सारिएका छन् । ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयले तराईका जिल्लामा सिंचाइ ग्रीड तथा प्रसारण लाइन निर्माण गर्ने कार्यलाई प्रमुख प्राथमिकतामा राखेको छ ।

ऊर्जामन्त्री पम्फा भुसालका अनुसार कृषि उपजको उत्पादन वृद्धि गर्ने लक्ष्यका साथ सिंचाइ ग्रीड अगाडि बढाइएको हो। यसबाट सुक्खा र बाँझो रहेका जमीनमा बाह्रै महीना सिंचाइ सुविधा पुग्नेछ र कृषि उत्पादनमा समेत गुणात्मक वृद्धि हुनेछ ।

खेर जाने विद्युत्को खपत बढाउन पहाडी क्षेत्रका टारमा सिंचाइ सुविधा उपलब्ध गराउने र तराईमा छुट्टै ग्रीड बनाएर बिजुली उपलब्ध गराउँदा विदेशबाट आयात गरिने डिजलको प्रयोगमा कमी आउनेसमेत सरकारको सोच छ ।

दिगो विकास लक्ष्यको सातौं नम्बरमा रहेको सबैका लागि भरपर्दो र धान्न सक्ने आधुनिक ऊर्जाको पहुँचको सुनिश्चितताका सम्बन्धमा समेत ऊर्जा मन्त्रालयले योजनाबद्ध काम गरिरहेको छ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार हाल देशभर झन्डै ९३ प्रतिशत नागरिकले केन्द्रीय प्रसारण प्रणालीबाट बिजुली पाएका छन्। कर्णाली अञ्चलको जुम्ला र कालीकोटमा केही समय पहिले मात्रै केन्द्रीय प्रणाली जोडिएको छ ।

आगामी दुई वर्षभित्र शतप्रतिशत नागरिकमा बिजुली पुर्‍याउने लक्ष्यका साथ काम भइरहेको छ। यस्तै, भरपर्दो बिजुली उपलब्ध गराउन प्राधिकरणले दिनरात मेहनत गरिरहेको छ। काठमाडौं उपत्यकालगायत शहरी क्षेत्रको प्रसारण प्रणालीको स्तरोन्नति एवं ग्रीड पुगेका क्षेत्रमा अवरोधरहित बिजुली उपलब्ध गराउन प्राधिकरणले विशेष ध्यान दिएको कार्यकारी निर्देशक कुलमान घिसिङ बताउँछन् ।

यस्तै ग्रीड नपुगेका क्षेत्रमा वैकल्पिक ऊर्जाका माध्यमबाट बिजुली उपलब्ध गराउने सरकारको योजना छ । ऊर्जामन्त्री भुसालले यही असोज ४ गते सन् २०३० सम्म सबैलाई सुलभ, स्वच्छ ऊर्जाको पहुँच पुर्‍याउने लक्ष्य राखिएको ऊर्जासम्बन्धी अवधारणाको कार्यान्वयन शुरू गरेकी छन् ।

मार्गचित्रमा सन् २०३० सम्म सबैलाई सस्तो र स्वच्छ ऊर्जाको पहुँच पुर्‍याउने, नवीकरणीय ऊर्जाको मात्रा वृद्धि गर्ने तथा ऊर्जा दक्षता वृद्धि गर्ने लक्ष्य राखिएको छ । दिगो विकासका लागि स्वच्छ एवं नवीकरणीय ऊर्जाको पहुँच र प्रभाव वृद्धि गर्ने, खनिज तेलको मात्रामा क्रमशः कम गर्दै जाने प्रयाससमेत त्यसमा समेटिएका छन् ।

खाना पकाउन एलपिजी विस्थापन गर्दै विद्युतीय चुल्होको प्रयोगलाई बढावा दिइएको छ भने विद्युतीय सवारी साधनको प्रवर्द्धनमा उत्तिकै प्रयत्नशील रहेको छ। सार्वजनिक यातायातका लागि विद्युतीय बस सञ्चालनमा ल्याउने तयारी गरिएको छ । विद्युत् खपत बढाउने लक्ष्यसहित १५ वटा चार्जिङ स्टेशन सञ्चालनमा आइसकेको छ भने ५० भन्दा बढी त्यस्ता स्टेशन निर्माणको चरणमा छ ।

व्यवसायीले पनि विद्युतीय सवारीको आयात र बिक्री वितरणमा उत्तिकै महत्त्व दिएका छन् । सवारी साधन आयात गर्ने व्यवसायीले पनि विद्युतीय सवारी साधन आयातलाई बढावा दिएका छन् । सरकारले पनि विद्युतीय सवारी साधन प्रवर्द्धनका लागि नीतिगत एवं कार्यक्रमिक व्यवस्था गरेको छ । चालू आर्थिक वर्षको बजेटको प्रतिस्थापन विधेयकमा समेत अर्थमन्त्री शर्माले विद्युतीय सवारी साधनको प्रवर्द्धनका लागि विभिन्न योजना अगाडि सारेका छन् ।

सोही लक्ष्य अनुसार सन् २०१९ को मेदेखि विद्युत् नियमन आयोग स्थापना भई कार्यरत छ । नयाँ विद्युत् विधेयक छलफलका लागि सङ्घीय संसद्मा प्रस्तुत भइसकेको छ ।

नवीकरणीय ऊर्जा र ऊर्जा क्षमतासम्बन्धी कानून निर्माणका लागि विधेयकको मस्यौदा तयारी चरणमा रहेको पनि उनले उल्लेख गरे ।

यस्तै १५ लाखभन्दा बढी घर परिवारले सुधारिएको चुल्हो र पाँच लाख परिवारले बायोग्याँस प्लान्ट प्रयोग गरिरहेका छन्। हाल प्रतिव्यक्ति विद्युत् खपत क्षमता २६० किलोवाट घण्टा रहेको छ । त्यसलाई कम्तीमा पनि ७०० किलोवाट घण्टा पुर्‍याउने लक्ष्य राखिएको छ ।

ऊर्जा वितरण प्रणालीमा आएको सुधारपछि नेपालले तुलनात्मकरूपमा सन् २०१६–१७ मा ७.७ दरको उच्च आर्थिक वृद्धि गर्न सफल भए पनि कोभिड–१९ को महामारीका कारण सन् २०२१ सम्म आइपुग्दा त्यस्तो वृद्धिदर ४ प्रतिशतमा खुम्चिएको छ तर, नवीकरणीय ऊर्जाको प्रयोग गर्नेहरू नौनौ प्रतिशतको हाराहारीमा मात्र छन्। परम्परागत ऊर्जा प्रयोग गर्ने सबैभन्दा बढी ६८ प्रतिशत हाराहारीमा छन् ।

यस्तै दिगो विकास लक्ष्यको 'सबैका लागि स्वस्थ जीवन'को सुनिश्चितताका सम्बन्धमा पनि काम शुरू भएको छ । हरेक पालिकास्तरमा पाँचदेखि १५ शय्यासम्मका अस्पताल निर्माणको काम भइसकेको छ । अर्थ मन्त्रालयले ४०० बढी पालिकामा एकैपटक स्वास्थ्य संस्था निर्माण गर्न स्रोत उपलब्ध गराइसकेको छ ।

सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता एवं जीवनपर्यन्त सिकाइमा समेत योजनाबद्ध काम शुरू भइसकेको छ । दिगो विकास लक्ष्यमा समेटिएका लैङ्गिक समानता र महिला तथा बालिकाको सशक्तीकरण, सबैका लागि खानेपानी तथा सरसफाइको दिगो उपलब्धताको सुनिश्चितता, भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि एवं सबैका लागि उत्पादनशील रोजगार, प्रतिरोधी पूर्वाधार निर्माण, दिगो र समावेशी उद्योगीकरणको प्रवर्द्धन र नवप्रवर्तनका क्षेत्रमा पनि धेरै काम अगाडि बढिसकेको छ ।

देशभित्र र देशबीचको असमानता न्यूनीकरण, शहर तथा मानव बस्तीलाई समावेशी, सुरक्षित, प्रतिरोधी र दिगो तुल्याउने, दिगो उत्पादन र उपभोगको सुनिश्चितता दिगो विकास लक्ष्यले समेटेको छ। जलवायु परिवर्तन र यसको असर न्यूनीकरणका लागि तत्काल पहल गर्ने विषयलाई सरकारले प्राथमिकतामा राखेर प्रक्रिया अगाडि बढाएको छ । गत असार १ गते मनाङ र सिन्धुपाल्चोकलगायत जिल्लामा आएको बाढी पहिरोका सम्बन्धमा सरकारी तथा गैरसरकारी क्षेत्रले मिहिनरूपमा अध्ययन शुरू गरेका छन् ।

दिगो वन व्यवस्थापन र जैविक विविधताको संरक्षण, शान्त र समावेशी समाजको प्रवर्द्धन, न्यायमा सबैको पहुँच र सबै तहमा समावेशी संस्थाको निर्माण तथा दिगो विकासको कार्यान्वयन संयन्त्रको सबलीकरण र विश्व साझेदारी निर्माणमा सरकारले प्रयास गरिरहेको छ ।

# अन्तर्राष्ट्रिय समाचार

## हैजाबाट नाइजेरियामा ३२९ को मृत्यु

लागोस, ७ असोज/सिन्हवा

नाइजेरियाको एक उत्तरी प्रान्तमा गएको मार्च महीनादेखि शुरू भएको हैजाको प्रकोपका कारण कम्तीमा पनि ३२९ जनाको ज्यान गएको नाइजेरियाका एकजना स्वास्थ्य अधिकारीले आज जानकारी दिएका छन्। ती अधिकारीका अनुसार नाइजेरियाको उत्तरी कानो राज्यमा हैजाबाट ती व्यक्तिको ज्यान




गएको हो।

सो राज्यका स्वास्थ्य अधिकारी सुलेइमान इस्लियाले उक्त राज्यका कम्तीमा पनि ४४ स्थानीय तहमा हैजाको प्रकोप फैलिएको थियो। त्यसमा परेर ती व्यक्तिको ज्यान गएको हो र अरू कैयौं बिरामी पनि परेका छन्। ती स्थानीय निकायहरूमा ११ हजार ११५ जनामा हैजा फेलिएको आशङ्का गरेर परीक्षण गरिएको थियो। तीमध्ये स्वास्थ्य परीक्षणमा धेरै निको भएका थिए।

अहिले पनि ३१ जना हैजा लागेको पुष्टि भएका व्यक्ति अस्पतालमा उपचार गराइरहेका बताइएको छ। हाल प्रकोप देखिएका स्थानहरूमा स्वास्थ्य निगरानी राखिएको बताइएको छ। रासस

## कोभिड खोपको विश्वव्यापी उपलब्धताबारे बैठक हुने

संयुक्त राष्ट्रसङ्घ, ७ असोज/सिन्हवा

संयुक्त राष्ट्रसङ्घले कोभिड–१९ विरुद्ध खोपबारे एउटा छुट्टै बैठक गर्ने भएको छ। सो बैठकमा विश्वमा सन् २०२२ मा कोभिड खोपको उपलब्धताका विषयमा छलफल हुने भएको छ।

हाल सयुक्त राष्ट्रसङ्घीय मुख्यालयमा जारी रहेको ७६ औं महासभाका अध्यक्ष अब्दुल्लाह साहिदले सो कुरा बताएका हुन्। उनले भनेका छन्–संयुक्त राष्ट्रसङ्घको जारी महासभामा कोभिड विरुद्ध खोप विषयमा एउटा बैठक नै बस्नेछ र यसले आगामी वर्ष विश्वका नागरिकलाई कोभिडविरुद्ध खोपको सर्वसुलभ उपलब्धताको विषयमा कुरा उठाउने छ।

उनले भने– म बैठक आह्वान गर्नेछु र यस मञ्चमा विश्वका नेताहरूले नै आगामी वर्ष विश्वका सबै देशमा कोभिड खोपको सर्वसुलभ उपलब्धताको विषयमा छलफल हुने र सो खोपको सुनिश्चितताको पनि कुरा हुनेछ।

यस बैठकमा आगामी दिनमा यस खोपको सर्वसुलभताका लागि विश्वका नेताहरूको राजनीतिक प्रतिबद्धताबारे खोजी हुनेछ उनले भनेका छन्। रासस

## संयुक्त राष्ट्रसङ्घद्वारा सुडानमा कू प्रयासको निन्दा

संयुक्त राष्ट्रसङ्घ, असोज ७/सिन्हवा

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले सुडानमा कू गर्ने प्रयासको कडा शब्दमा निन्दा गरेको छ। प्रेस वक्तव्य जारी गर्दै सुरक्षा परिषद्का सदस्यहरूले प्रधानमन्त्री अब्दल्लाह हमदोकको पक्षमा समर्थन व्यक्त गर्दै सुडानमा जारी सङ्क्रमण अन्त्य गर्दै समावेशी, शान्तिपूर्ण, सन्तुलितरूपले जनताको आशा र आकाङ्क्षा प्राप्त गर्ने प्रयासमा आफूहरू सहयोगी हुने विश्वास व्यक्त गरेका छन्।

परिषद्का सदस्य राष्ट्रहरूले सम्बन्धित पक्षलाई 'राष्ट्रिय सङ्कट र सङ्क्रमणको विषय' लाई गम्भीररूपले बुझ्न र सोही अनुरूप अगाडि बढ्न आग्रह गरेका छन्। विज्ञप्तिमा भनिएको छ– "सुडानमा जनता र सैनिक पक्षले सहमति र सहकार्यका साथ संविधान र जुबा शान्ति सम्झौताको मर्म अनुरूप अगाडि बढ्न र देशको सङ्क्रमणलाई पार लगाउन आग्रह गर्दछौं।"

त्यसैगरी परिषद्का सदस्य राष्ट्रहरूले सुडानी जनता र देशका पक्षमा ऐक्यबद्धता व्यक्त गर्दै सङ्क्रमणको यस चरणमा सुडानको सम्प्रभुता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकताको पक्षमा प्रतिबद्धता व्यक्त गरेका छन्।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टिनियो गुटेरेसले उक्त घटनाकोनिन्दा गरेका छन्।

**दक्षिण सुडानद्वारा निन्दा**

दक्षिण सुडानले सुडानमा हालै भएको सत्ता हत्याउने प्रयासको निन्दा गरेको छ। सो प्रयासलाई दक्षिण सुडानले प्रजातान्त्रिक प्रक्रियामाथिको हमला भनेको छ।

अहिले सुडान राजनीतिक सङ्क्रमणबाट गुज्रिरहेकोले यसलाई राजनीतिक स्थायित्वतर्फ लैजान प्रयास गर्नुको सट्टा राजनीतिक 'कू' गर्ने प्रयास गर्नु निन्दनीय भएको दक्षिण सुडानको विदेश मन्त्रालयले जनाएको छ।

सुडान अहिले राजनीतिक सङ्क्रमणकालको चरणमा रहेकोले यहाँका राजनीतिक दलहरूले यस अघि गरेका प्रतिबद्धता अनुसार प्रजातन्त्र सुदृढ गर्न लाग्नुपर्ने सो मन्त्रालयले जनाएको छ। रासस

## भारतमा थप ३१ हजार ९२३ जना कोरोना सङ्क्रमित

नयाँ दिल्ली, ७ असोज/एएनआई

पछिल्लो २४ घण्टामा भारतमा ३१ हजार ९२३ जना नयाँ सङ्क्रमित थपिएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

यससँगै भारतमा कुल सङ्क्रमितको सङ्ख्या ३ करोड ३५ लाख ६३ हजार ४२१ जना पुगेका छन्।

सरकारी अधिकारीले बिहीवार बिहान दिएको जानकारी अनुसार अहिले भारतमा सक्रिय सङ्क्रमितहरूकै सङ्ख्या तीन लाख एक हजार ६०४ छ। यो सङ्ख्या १८७ दिनपछिकै सबैभन्दा कम हो। भारतमा सङ्क्रमितहरूको सङ्ख्या छ महीनापछिकै सबैभन्दा कम भएको बताइएको छ।

भारतमा सक्रिय सङ्क्रमित सङ्ख्या पछिल्लो समय लगातार घट्दै गएको छ। दैनिक नयाँ सङ्क्रमितभन्दा दैनिक सङ्क्रमणमुक्त हुनेको सङ्ख्या बढी हुँदै गएकोले सक्रिय सङ्क्रमितको सङ्ख्या घट्दै गएको हो। सक्रिय सङ्क्रमितको यो सङ्ख्या कुल सङ्क्रमितको ०.९० प्रतिशत भएको जनाइएको छ। सन् २०२० को मार्चपछि अहिले सक्रिय सङ्क्रमितको यो सङ्ख्या सबभन्दा कम हो।

पछिल्लो २४ घण्टामा ३१ हजार ९९० जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको देखिएको अधिकारीले जनाएका छन्।

योसँगै भारतमा अहिलेसम्म तीन करोड २८ लाख १५ हजार ७३१ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन्।

यहाँ कोरोनाका कारण अहिलेसम्म चार लाख ४६ हजार ५० जनाको मृत्यु भएको छ। तीमध्ये २८२ जनाको पछिल्लो एक दिनमा मृत्यु भएको जनाइएको छ।

## २० अर्ब ७६ करोडको निर्यात हुँदा एक खर्ब ३० अर्बको व्यापार घाटा

काठमाडौँ, ८ असोज/रासस

चालू आर्थिक वर्षको पहिलो महीनामा कुल वस्तु व्यापार घाटामा ७०.६ प्रतिशतले वृद्धि भई रु एक खर्ब २९ अर्ब ९७ करोड पुगेको छ। नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको विवरण अनुसार कुल वस्तु व्यापार घाटामा आव २०७७–७८ को तुलनामा उल्लेख्य वृद्धि भएको हो।

सो आवमा त्यस्तो घाटा २२.२ प्रतिशतले घटेको थियो। चालू आवको पहिलो महीनामा कुल वस्तु निर्यात ११६ प्रतिशतले वृद्धि भई रु २० अर्ब ७६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ८.९ प्रतिशतले वृद्धि भएको थियो। केन्द्रीय बैंकका अनुसार गन्तव्यका आधारमा भारत, चीन तथा अन्य मुलुकतर्फ क्रमशः १६७.० प्रतिशत, ४७.८ प्रतिशत र १७.५ प्रतिशतले निर्यात वृद्धि भएको छ। वस्तुगत आधारमा सोयाबिन तेल, पाम तेल, धागो (पोलिस्टर तथा अन्य), जुस, पिनालगायत वस्तुको निर्यात बढेको छ।




यस्तै अलैंची, आयुर्वेदिक औषधि, जडीबुटी, तार, तयारी छालाका सामानहरूको निर्यात घटेको छ।

चालू आवको पहिलो महीनामा कुल वस्तु आयात ७५.७ प्रतिशतले वृद्धि भई रु एक खर्ब ५० अर्ब ७३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १९.६ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ५८.७ प्रतिशत, ८७.६ प्रतिशत र १२०.८ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, यातायातका साधन तथा पार्टपुर्जा, कच्चा सोयाबिन तेल, एमएस बिलेट, सुनलगायत वस्तुको आयात बढेको छ भने रासायनिक मल, सिमेन्ट, सुर्ती, हवाईजहाजका पार्टपुर्जा, तयारी पोशाकलगायत वस्तुको आयात घटेको छ।

सो अवधिमा कञ्चनपुर, मेची र नेपालगंज भन्सार कार्यालयबाहेक नाकाबाट गरिएको निर्यात वृद्धि भएको छ। कैलाली भन्सार कार्यालयबाहेक नाकाबाट भएको आयात वृद्धि भएको छ। गत साउनमा निर्यात–आयात अनुपात १३.८ प्रतिशत पुगेको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११.२ प्रतिशत थियो। समीक्षा अवधिमा भारतबाट अमेरिकी डलर भुक्तानी गरी रु १८ अर्ब ८६ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा रु नौ अर्ब २६ करोड बराबरको यस्तो आयात भएको थियो।

## रु ३० अर्बको रिपो जारी गर्दै राष्ट्र बैंक

नेपाल राष्ट्र बैंकले रु ३० अर्ब बराबरको रिपो जारी गर्ने भएको छ। बैंक तथा वित्तीय प्रणालीमा लगानीयोग्य रकमको अभाव देखिन थालेपछि बैंकले आज सात दिन अवधिको रिपो जारी गर्न लागेको हो।

बैंकिङ प्रणालीमा तरलताको समस्या देखिएमा बैंकले अल्पकालीन अवधिको रिपो जारी गर्छ। वाणिज्य बैंक, विकास बैंक र वित्तीय संस्थाले यही असोज १४ गते परिपक्व हुने रिपो बोलकबोलमार्फत खरीद गर्न सक्नेछन्।

यस अघि नेरा बैंकले गत भदौ १७ गते सात दिन अवधिको रु २० अर्ब, २४ गते १४ दिनको रु ३० अर्ब र भदौ ३१ गते रु २० अर्ब रिपोमार्फत रकम उपलब्ध गराएको थियो। तरलता अभावमा बैंक तथा वित्तीय संस्थाले रिपो, अन्तबैंक सापटी, स्थायी तरलता सुविधा (एसएलएफ) प्रयोग गर्छन्। तरलता अभावमा बैंक तथा वित्तीय संस्थाले अन्तबैंक सापटी पाउन छाडेको देखिन्छ।

बैंक तथा वित्तीय संस्थाले नियमितरूपमा एसएलएफ सुविधा लिने गरेका छन्।

राष्ट्र बैंकको तथ्याङ्क अनुसार बैंक तथा वित्तीय संस्थाले चालू आवमा बुधवारसम्म रु चार खर्ब नौ अर्ब ५६ करोड एसएलएफमार्फत उठाएका छन्। बैंक वित्तीय संस्थाले बुधवार मात्र १२ पटकमा रु २७ अर्ब २४ करोड एसएलएफमार्फत उठाएको तथ्याङ्क राष्ट्र बैंकले सार्वजनिक गरेको छ।

## नेप्सेमा सामान्य सुधार.....

मुनाफाबाट लाभांश घोषणा गरेका कारण बैंकिङ उपसमूहको शेयर मूल्यमा सुधार देखिएको हो।

व्यापार ४५.०७, होटल तथा पर्यटन ९७.२७, विकास बैंक ८०.४४, जलविद्युत् ७१.८, निर्जीवन बीमा ९२.०४, उत्पादन ८०.४, अन्य २१.६१, लघुवित्त ४६.७९, जीवन बीमा ५१.०८, सामूहिक लगानी कोष ०.०६ र लगानी २.१६ बिन्दुले ओरालो लागेको छ। कारोबारका आधारमा आज सानिमा बैंक शीर्ष स्थानमा रहेको छ। सो बैंकको रु ३४ करोड १५ लाख ८३ हजार बराबरको कारोबार भयो।

नेपाल बैंक रु २७ करोड १० लाख ७७ हजार १४३, माछापुच्छ्रे बैंक रु २३ करोड ८६ लाख ८८ हजार ६०३, नेशनल हाइड्रोपावर रु २१ करोड ९६ लाख ५० हजार ५०५ र युनाइटेड मोदी हाइड्रोपावरको रु २१ करोड ७७ लाख २३ हजार २७७ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


### आजको राशिफल

मेष – भाग्योदय
वृष – खर्चवृद्धि
मिथुन – मनोरञ्जन
कर्कट – कर्मप्राप्ति
सिंह – राज्यलाभ
कन्या – रोगभय
तुला – व्यापारवृद्धि
वृश्चिक – शत्रुभय
धनु – ज्ञानोदय
मकर – भयचिन्ता
कुम्भ – मित्रमिलन
मीन – कान्तिक्षय

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## दुर्गापूजा समिति गठन

प्रस, सिम्रौनगढ, ७ असोज/

सिम्रौनगढ नगरपालिका–७ सिम्रौनगढ बजारस्थित कङ्काली मन्दिर परिसरमा बिहीवार कङ्काली दुर्गा पूजा समितिको भेला सम्पन्न भएको छ।

स्थानीय समाजसेवी लालबाबुप्रसाद कुशवाहाको अध्यक्षतामा भएको भेलाले बडा दशैंको उपलक्ष्यमा दुर्गा पूजा एवं मेलाको लागि २१ सदस्यीय कङ्काली दुर्गा पूजा मेला समिति गठन गरेको छ।

नागेन्द्रसाह कानूको अध्यक्षतामा गठन भएको समितिको उपाध्यक्ष राकेशप्रसाद कुशवाहा, सचिव रामबाबूप्रसाद कुशवाहा, सहसचिव अशोक शर्मा, कोषाध्यक्ष मुन्ना गुप्तालगायत सदस्यहरू छन्।


**प्रदेश सरकार**
**प्रदेश नं. २**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र, पर्सा**
वीरगंज

**सूचना ! सूचना !! सूचना !!!**

प्रथमपटक प्रकाशित मिति : २०७८।०६।०८

**विषय : दररेट पेश गर्ने सम्बन्धमा**

आव २०७८–०७९ को कृषि ज्ञान केन्द्र, पर्साको स्वीकृत कार्यक्रम कृषि यन्त्र उपकरणमा अनुदान कार्यक्रम सञ्चालन गर्न संलग्न स्पेसिफिकेशन अनुसारका कृषि उपकरण के–कति दररेटमा सप्लाइ गर्न सक्ने हो सोको आवश्यक कागजातसहित ७ (सात) दिन (मिति २०७८।०६।०८ देखि २०७८।०६।१४) भित्र सिलबन्दी दररेट कृषि ज्ञान केन्द्र, पर्सामा दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको हो।

**आवश्यक उपकरणको स्पेसिफिकेशन कार्यालयबाट उपलब्ध गराइने छ।**



**Biotech Distillery Pvt.Ltd,** Prasauni - 01, Bara    Pan No: 604353421

Price List, Effective from 2078.06.08

| Brand | U.P | Stockist Price | Stockist Margin | Regional Distributor price | Regional Distributor Margin | Distributor Price | Distributor Margin | Wholeseller Price | Wholeseller Margin | Retailer Price | Retailer Margin | Customer Price | Per Bottle Price |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Blue Shine | 50 | 5400 | 160 | 5560 | 270 | 5830 | 270 | 6100 | 200 | 6300 | 324 | 6624 | 138 |
| Charger | 70 | 830 | 20 | 850 | 25 | 875 | 50 | 925 | 55 | 980 | 160 | 1140 | 38 |
| Toofan | 70 | 890 | 20 | 910 | 25 | 935 | 55 | 990 | 50 | 1040 | 160 | 1200 | 40 |
| Rang Rangeen | 70 | 830 | 20 | 850 | 25 | 875 | 50 | 925 | 55 | 980 | 160 | 1140 | 38 |
| Badshah Gold | 70 | 890 | 20 | 910 | 25 | 935 | 55 | 990 | 50 | 1040 | 160 | 1200 | 40 |
| Benjo | 70 | 990 | 30 | 1020 | 30 | 1050 | 70 | 1120 | 60 | 1180 | 200 | 1380 | 46 |

**( Note : Above Price List Included Excise & Vat )**



**बुझ्न नसक्नुको तालमेलः** सरकार नाका खोल्छ, सरकारी निकायले बन्द गर्छ। भिस्वा-सिक्टा नाकामा तारबार र ढाटको अवरोध। तस्वीरः सुग्रीव साह

# कार्गो रेल रित्तै फर्किंदै, यार्डमा ६ सय खाली कन्टेनर

प्रस, परवानीपुर, ७ असोज/

वीरगंजबाट ८४० किलोमिटर दूरीमा रहेको पश्चिम बङ्गालको हल्दिया बन्दरगाहबाट सातामा दुईपटक हिन्द टर्मिनलको निजी कार्गो रेल मालसामान लिएर नेपाल आइसकेको छ। गत साता बुधवार बिहान १० बजे नेपालकै इतिहासमा पहिलोपटक निजी कार्गो रेलमार्फत मालसामान ढुवानी भयो भने असोज ४ गते सोमवार राति साढे ७ बजे सोही कम्पनीको दोस्रो कार्गो रेल वीरगंज आइपुगेको थियो।



तस्वीरः फाइल

पहिलो खेपमा ९० वटा २० फुटे कन्टेनर लिएर वीरगंज आइपुगेको रेल सोमवार राति आउँदा ८० वटा २० फुटे र पाँचवटा ४० फुटे कन्टेनर लिएर वीरगंज भित्रिएको नेपाल इन्टरमोडेल यातायात विकास समिति सुक्खा बन्दरगाह वीरगंजका शाखा अधिकृत तर्कराज जोशीले जानकारी गराए।

भटमास तथा तेलहन सामानका कच्चा पदार्थ र अन्य ट्रेडिङ सामान लिएर उक्त रेल दोस्रो खेप लिएर नेपाल आएको हो। कन्टेनर अनलोड गरी मङ्गलवार बिहान पौने ८ बजे उक्त रेल पुनः हल्दिया फर्केको थियो। डेढ महीनाअघि नेपाल र भारतबीच भएको रेलवे सर्भिस एग्रिमेन्ट संशोधन गरी निजी कम्पनीलाई कार्गो लिएर नेपाल ल्याउने अनुमति प्रदान भएपछि उक्त रेलले मालसामान ल्याइरहेको छ।

निजी कम्पनीले रेलमार्गमार्फत मालसामान ल्याउने सेवा पाएपछि अहिले १७ वर्षदेखि नेपालको लागि रेलमार्गबाट आयात-निर्यात गर्ने भारतीय रेलवेको भगिनी संस्था कोन्करको एकलौटी एकाधिकार टुटेको छ।

## रित्तै फर्किंदै निजी कार्गो रेल

कार्गो ओसारपोसार गर्ने भारतीय निजी कार्गो रेलले भर्खरै सेवा शुरू गरेको कारण अहिले रित्तै फर्किन बाध्य बनेको छ। हिन्द टर्मिनलले हल्दियाबाट मालसामान ल्याउँदा प्रतिखेप ९० वटा २० फुटे कन्टेनर ल्याइरहेको छ। तर वीरगंजबाट फिर्ता जाने खाली कन्टेनर नभएर अहिले रित्तै फर्किंदा समस्या भइरहेको भन्सार अधिकारीहरूले बताएका छन्।

श्रीसिया सुक्खा बन्दरगाहका सूचना अधिकारी चूडामणि कट्टेलका अनुसार रित्तै फर्किनु भनेको पछि यार्डमा खाली कन्टेनर थुप्रिँदै जानु हो। "जतिपटक रेल खाली फर्किन्छ, त्यत्तिकै पटक ९० वटाको दरले कन्टेनर खाली भएर आएर यार्डमैं थन्किने हो," उनले भने, "पहिलो कोरोनाकालमा कन्टेनर सही समयमा खाली नहुँदा अहिले कोन्करकै ६ सयवटा कन्टनेर यार्डमैं थन्केको छ।"

उनले हिन्द टर्मिनलले कोन्करसँग संवाद गरी कोन्करको खाली कन्टेनर यसैबेला लगिदिए यार्डको जाम कम हुने बताए। तर यस विषयमा सरोकारवालाहरूसँग छलफल हुँदा पनि समस्याको निकास ननिस्केको उनले बताए। कोन्करले हिन्द टर्मिनलमार्फत आफ्ना कन्टेनर फिर्ता लाने विषयमा चासो नदिएको बताइएको छ।

# काठसहित पक्राउ परेका जरिवानामा छुटे



बरामद काठ। तस्वीरः प्रतीक

प्रस, पर्सागढी, ७ असोज/

सबडिभिजन वन कार्यालय मधुवन मथवल बढनिहारको गश्ती टोलीले जङ्गल क्षेत्रभित्र फायरलाइन भन्ने ठाउँबाट पर्सागढी नगरपालिका-८ का रेखा माझी र बालमुकुन्द चौधरीलाई दुई/दुई फिट सालको गुलियासहित पक्राउ गरेको छ।

हिजो पक्राउ परेका दुईजनालाई एक/एक हजार जरिवाना गरेर छाडिएको छ।

यसबारे वन अधिकृत अनिलकुमार महतोसँग बुझ्दा उनले वन ऐन नियम अनुसार जरिवाना लिएको बताए। उनले पैसा लिएर छोडेको कुरा मिथ्या आरोप भएको बताए।

# हतियारसहित चारजना पक्राउ

प्रस, रौतहट ७ असोज/

दुर्गाभगवति गाउँपालिका-२ भलोहिया बस्ने वर्ष २४ को सञ्जयसाह सोनारको घरमा प्रहरीले छापा मारी हात हतियार बरामद गरेको छ।

घरमा हतियार लुकाइछिपाई राखेको सूचनाका आधारमा प्रहरी टोली परिचालन गरिएको र सञ्जयसाह सोनारको घर खानतलाशी गर्दा निर्माणाधीन घरको दोस्रो तल्लामा थुपारी राखेको बालुवाभित्र बोरामा लुकाएर राखिएको अवस्थामा १२ बोरको कट्टुवा पेस्तोल थान-१ र सोमा लाग्ने गोली थान-२ बरामद भएको जिप्रका रौतहटले जनाएको छ।

सोनारसहित सोही कसूरमा सञ्जीवकुमार महतो, राजेशकुमार चौधरी र दिनेश महरासमेतलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

## ९५ लाख राजस्व तिरेर.....

इजलासले गत भदौ २३ गते गाडी जाँचपासको लागि अन्तरिम आदेश जारी गरेको थियो।

त्यसपछि भन्सार कार्यालयले आर्थिक ऐन २०७६ बमोजिम आधिकारिक विक्रेता नेपालमा नभई ती आयातकर्ताले गाडी भित्र्याएको भन्दै महान्यायाधिवक्ताको कार्यालयमार्फत सर्वोच्चविरुद्ध भ्याकेटमा गएको थियो।

भ्याकेटमा गएको थाहा पाएपछि आयातकर्ताले अन्तरिम आदेश कार्यान्वयन नभएको भन्दै अर्को निवेदन दिंदा सर्वोच्चले तीन दिनभित्र गाडी जाँचपास गर्न निर्देशनसहितको पत्राचार गरेको थियो।

यी दुवै आयातकर्ताले अमेरिकी ब्रान्डका जगुआर र टेस्ला बेलायती विक्रेता जेम्सन कार्टरमार्फत खरीद गरेका थिए। जुन कारको आधिकारिक विक्रेता होइन।

आर्थिक ऐन २०७६ अनुसार गाडी उत्पादक कम्पनीको आधिकारिक विक्रेताले मात्र गाडी आयात र बिक्री गर्न पाउने वा आधिकारिक विक्रेताले नेपालस्थित नियुक्त गरेको आधिकारिक विक्रेताले मात्र गाडी आयात तथा बिक्री गर्ने प्रावधान छ। त्यसविपरीत गाडी आयात गरेकोले गाडीको जाँचपास हुन सकेको थिएन।

यस्तै, प्रिन्सा मोटर्स काठमाडौंले आयात गरेको तीनवटा विद्युतीय आउडी र वेस्टार ग्यालेक्सीले आयात गरेको थप दुईवटा टेस्ला गरी कुल पाँचवटा गाडी अहिले पनि यार्डमैं थन्किएको छ। ती गाडीको हकमा उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंज र सर्वोच्च अदालतले गाडी जाँचपास गर्न दिइएको अन्तरिम आदेशको रिट खारेज गरेका थिए। तर अहिलेको घटनामा अन्तरिम आदेश जारी हुनुमा आशङ्का पैदा भएको भन्सार अधिकारीहरूको भनाइ छ।

# पोखरिया बजारको साइकल व्यवसाय धरापमा

धर्मेन्द्र चौरसिया, पोखरिया, ७ असोज/

पोखरिया बजारमा साइकल मरम्मत गर्नेहरूले अहिले धमाधम व्यावसाय परिवर्तन गर्दैछन्।

पोखरिया बजारमा करीब डेढ दर्जनको हाराहारीमा साइकल मरम्मत गर्नेहरू थिए। तर पछिल्लो समयमा साइकलको प्रयोग घट्दै गएको हुँदा उनीहरूले व्यवसाय परिवर्तन गर्न थालेका हुन्।

स्थानीय रामलाल रामले एक वर्षदेखि व्यवसायबाट आम्दानी हुन छाडेको बताए। उनले त्यस अघि दैनिक चार/पाँच हजारसम्म आम्दानी हुने गरेकोमा अहिले दैनिक पाँच सयको पनि आम्दानी हुन छाडेको बताए। साइकल प्रयोगकर्ताहरू घटेर मोटरसाइकलको प्रयोग बढी हुन थालेको उनको बुझाइ छ।



तस्वीरः प्रतीक

यसैगरी साइकल चढेर वीरगंजलगायत गनतव्य जानेहरू पनि अहिले ग्रामीण क्षेत्रमा विकास निर्माणले गर्दा टेम्पो, इरिक्सा, म्याजिक, बस आदि चल्न थालेपछि व्यवसाय प्रभावित भएको बताए। रामले पहिले पर्सा र बाराको उद्योगमा काम गर्ने मजदूर, विभिन्न कामले वीरगंजलगायत जानेहरू साइकलको प्रयोग गर्थे। धेरै मजदूर त अब मोटरसाइकल प्रयोग गर्न थालेका र आम मानिसको आकर्षण पनि मोटरसाइकमा बढेकोले साइकल प्रयोगकर्ताहरू घटेको बताए। उनले साइकल मरम्मत गर्ने कामसँगै अहिले राम पान पसल सञ्चालन गर्न थालेका छन्।

उनीसँगै अरूले पनि साइकल मरम्मतसँगै किराना र मसाला पिसानी व्यवसाय शुरू गरेका छन्। पोखरियामा अहिले ६ वटा मात्र साइकल मरम्मत गर्ने पसल छ। वीरगंज-पोखरिया सडक खण्डको विभिन्न स्थानमा साइकल मरम्मत हुन्थ्यो। अहिले प्रायः पेशाबाट विस्थापित भएका छन्।

साइकल मरम्मत पसल विस्थापित भएसँगै मोटरसाइकल मरम्मत गर्ने व्यवसाय फस्टाएको छ। र विभिन्न स्थानमा मोटरसाइकल मरम्मत गर्ने पसलहरू धमाधम खुल्दैछ।





**खोप लगाऔं सुरक्षित रहौं**
**खोप लगाएपछि पनि,**

- मास्कको नियमित प्रयोग गरौं,
- अत्यावश्यक परेमात्र बाहिर निस्कौं,
- भीडभाडबाट बचौं,
- कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौं,
- साबुनपानीले हात धोऔं,
- साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौं,
- शङ्का लागे तुरुन्त स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड